जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक ११, २०८० साल असार ८ गते शुक्रबार, नेपाल संवत् ११४३ (June 23, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

"रअ" प्रमुखमा सिन्हा

काठमाडौं । भारत सरकारले त्यहाँको बाह्य गुप्तचर एजेन्सी रिसर्च एण्ड एनालाइसिस विङ (रअ) प्रमुखमा रवी सिन्हालाई नियुक्त गरेको छ। नियुक्ति समितिले सोमबार भारतीय प्रहरी सेवा (आइपीएस) मा १९८८ ब्याचका उत्कृष्ट अधिकृत सिन्हालाई प्रमुख गुप्तचर एजेन्सीको जिम्मेबारी दिएको हो ।

भारतको छत्तिसगढ क्याडरका रुपमा सरकारी सेवा प्रवेश गरेका सिन्हा हाल मन्त्रीपरिषद् सचिवालयमा विशेष सचिवका कार्यरत छन् । हालका रअ प्रमुख सामन्तकुमार गोयलले १५ असार (३० जुन, २०२३) बाट अनिवार्य अवकाश पाउने छन् । सिन्हाले १६ असार (१ जुलाई २०२३) बाट कमाण्ड सम्हाल्ने छन् ।

अखण्ड भारत नक्साबारे रिपोर्ट बुझाउन निर्देशन

काठमाडौं । सरकारले दिल्लीस्थित नेपाली दूतावासलाई अखण्ड भारत सम्बन्धी नक्साको वास्तविकता बुझेर रिपोर्ट बुझाउन निर्देशन दिएको जानकारी परराष्ट्रमन्त्री एनपी साउदले आज बसेको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा दिएका छन् ।

भारतले बनाएको नयाँ संसद भवनभित्र राखेको अखण्ड भारतसम्बन्धी नक्सामा नेपाली भूभागहरू पनि समेटिएर नक्सा सार्वजनिक भएपछि नेपालमा भारतको चर्को आलोचना हुँदै आएको छ। नक्साभित्र नेपालका लुम्बिनी र कपिलवस्तु तथा भारतबाट छुटेर बनेको पाकिस्तानको तक्षशिलालाई स्पष्ट देखाइएको छ।

भारतीय हैकमवाद नेपालमा के चाहन्छ ?

काठमाडौं । भारतीय भौगोलिक विस्तारवाद नेपालको स्वतन्त्र र सार्वभौम अस्तित्वलाई स्वीकार गर्न आनाकानी गर्न थालेको विभिन्न घटनाक्रमहरूले बताउन थालेका छन् । केही दिन अघि मात्र भारतीय नयाँ संसद भवनमा राखिएको अखण्ड भारतको मुरल (भित्ते नक्सा) मा नेपालका भूभाग लुम्बिनी, कपिलवस्तु र विराटनगरलाई समावेश गरिएको छ। इतिहासमा नेपाल कहिल्यै कसैको पराधीन रहेन। एसियाका दुई देशहरू नेपाल र थाइल्यान्ड त्यस्ता देशहरू हुन जसले भारतले जस्तो स्वतन्त्रता दिवस मनाउँदैनन् । आजको भारत सन् १९४७ अगस्ट १५ मा जन्मिएको हो जो अहिले ७६ वर्षको भयो। प्रधानमन्त्री जम्मा १४ जना। सबभन्दा बढी समय प्रधानमन्त्री भए जवाहरलाल नेहरू १६ वर्ष। त्यसपछि इन्दिरा गान्धी १५ वर्ष ३५० दिन। डा. मनमोहन सिंह १० वर्ष। अहिले प्रधानमन्त्री नरेन्द्र मोदी ९ वर्षे यात्रामा छन्। पाँच सय बढी स्वअस्तित्वमा रहेका राज्यहरूलाई युद्धमा पराजित गरेर ब्रिटिश उपनिवेशवादले अहिलेको भारत खडा गरिदिएको हो। १८९ वर्षसम्म भारतमा राज गरेका ब्रिटिशहरूले दोस्रो विश्वयुद्धपछि उपनिवेश जोगाउन नसक्ने अवस्थाका कारण स्वतन्त्रता आन्दोलन गरिरहेको भारतीय राष्ट्रिय कांग्रेसलाई सत्ता हस्तान्तरण गरेर लण्डन फर्किए। सत्ता हस्तान्तरणको खाका सन् १९४६ मै कोरिएको थियो। सन् १९४७ अगस्ट १४ मा मुस्लिम राष्ट्रका रुपमा पाकिस्तान र हिन्दु जनसंख्याको बाहुल्यताका आधारमा १५ अगस्टमा भारतलाई ब्रिटिशहरूले स्वतन्त्रता प्रदान गरेका हुन्। भारतलाई स्वतन्त्रता प्रदान गरेको एक वर्षपछि अर्थात् १९४८ मा मात्र ब्रिटेनका अन्तिम भायसराय लर्ड आउन्ट बेटनले भारत छोडेका थिए।

परापूर्वकालदेखि अस्तित्वमा रहेको देश हो नेपाल। नेपालकै नाममा यसको स्वतन्त्र अस्तित्व पच्चीस सय वर्ष पहिलेदेखि नै रहेको देखिन्छ। आजसम्म फेला परेकोमा नेपालको उल्लेख इस्वीपूर्व ६००–८०० को अर्थ परिशिष्टमा भेटिन्छ। नेपाल कामरुप (असम) विदेह (मिथिला), उदम्बर अवन्ति (उज्जैन) र कैकेय देशहरूको एक साथ उल्लेख भएको पाइन्छ। बौद्ध र जैन साहित्यमा पनि बौद्ध भिक्षु र जैन साधु नेपालमा आएको उल्लेख गरिएको छ। महाभारत, स्कन्द गरुड बराह पुराण आदिमा पनि नेपालको उल्लेख गरिएको पाइए तापनि ऐतिहासिक पारमाणिक अभिलेख जसमा तिथिमिति उल्लेख छ, त्यो हो समुद्र गुप्त (सन् ३५०–३७५) को प्रयोग अभिलेख। यसरी नेपाल राज्य र नेपाली राष्ट्रको इतिहास धेरै राष्ट्रहरूको भन्दा निकै पुरानो छ।

संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्ने क्रममा नेपालको सार्वभौमिकता र स्वतन्त्रताबारे नेपाल सरकारले पनि सन् १९४९ मा पठाएको सूचना पत्रमा भनिएको छ– शताब्दीऔंदेखि नै नेपाल स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र रहँदै आएको छ। यो कसैबाट कहिल्यै पनि पराजित भएको छैन। कुनै विदेशी शक्तिले यस देशलाई न कहिल्यै आफ्नो अधीनमा राखेको छ। यसका आन्तरिक र बाह्य मामिलाहरूमा नै हस्तक्षेप गरेको छ। नेपालको भूमिका कहिल्यै पनि विदेशी झन्डा फर्फराएको छैन' नेपालका वैदेशिक सम्बन्ध विषयक केही कागजपत्रहरू पृष्ठ (३)।

ब्रिटिस साम्राज्यसँग नेपालले सन् १९१४ मा युद्ध लडेको थियो। सन् १८१६ सुगौली सन्धिमा हस्ताक्षर गरेको सन्दर्भ चीनसित वि.सं. १९५६ मा लडेको युद्ध र शान्ति सम्झौता गरेको कुरा यदि नबिर्सने हो भने नेपाली राष्ट्रको अस्तित्व कसैको निगाहले होइन, हाम्रा वीर पुर्खाहरूले रगत र पसिना बगाएर संरक्षण गरेको हो। एसियाबाट ब्रिटेन भ्रमण गर्ने पहिलो प्रधानमन्त्री जंगबहादुर राणा थिए। उनले नेपालको प्रतिनिधिको रुपमा १८५० मा ब्रिटेन र फ्रान्सको भ्रमण गरेका थिए। संवत् १९९४ मै नेपालले लण्डनमा दुतावास स्थापना गरिसकेको थियो। जबकि भारत ब्रिटिशको उपनिवेश थियो। नेपालको गौरवमय राष्ट्रिय इतिहासलाई भारतले अनदेख गर्न खोज्नु दास मानसिकताको उपज मात्र हो।

'सेभेन सिस्टर' भनेर चिनिने भारतका पूर्वोत्तर राज्य असम, मेघालय, अरुणाचल प्रदेश, मिजोरम, नागाल्यान्ड, त्रिपुरा, मणिपुरदेखि दार्जिलिङ, सिक्किम हुँदै उत्तराखण्ड अनि हिमाचल प्रदेशसम्म नेपाली भाषीहरू फैलिएर बसेका छन्। यो फैलावट कुनै बेलाको गोर्खाली साम्राज्यको देन हो। अठारौं शताब्दीको मध्यमा २५० वर्गकिलोमिटरभन्दा कम क्षेत्रफल भएको गोर्खा जस्तो एउटा सानो पहाडी राज्यले सिक्किमका चोग्याल, कुमाउँका चन्द्र राजाहरूलाई हराएर आफूभन्दा झन्डै सय गुणा ठूलो आकार बनाएको थियो जसलाई ग्रेटर नेपाल भनेर बाँकी ८ पेजमा

समाजवादी मोर्चा प्रचण्डको च्याँखे दाउ

काठमाडौं। प्रचण्ड आफ्नो शक्ति गुम्छ कि भन्ने विषयमा सधै डराउँछन्। शक्तिमा रहिरहन जे गर्न पनि पछि पर्दैनन् भन्ने पछिल्लो उदाहरण आजीवन विरोध गर्दै आएको दौरा सुरुवाल र गेरुवाको बर्कोले देखाउँछ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको अहिले उनकै पूर्वसहयात्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईसँग लगनगाँठो कस्सिएको छ।

जब जब संकट पर्छ प्रचण्डले बाबुरामलाई सम्झिन्छन्। आफ्नो स्वार्थ सिद्ध भएपछि प्रचण्डलाई बाबुरामको वास्ता हुँदैन। पार्टी सँगै हुँदा बाँकी ८ पेजमा

विशाल नेपाल अभियन्ताद्वारा नक्सा हस्तान्तरण

काठमाडौं। यही असार १ गते विशाल नेपाल महाअभियानका संयोजक सुरेन्द्र ढकालको नेतृत्वमा गएको ४१ जना अभियन्ताहरूको टोलीले संसदमा प्रतिनिधित्व गरेका नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा एकिकृत समाजवादी र नेपाल मजदुर किसान पार्टीको मुख्यालय गई विशाल नेपालको नक्सा हस्तान्तरण गऱ्यो। बाँकी ८ पेजमा

सार्वजनिक ऋण २१ खर्ब ७३ अर्ब नाघ्यो

नेपालले हालसम्म तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व रु. २१ खर्ब ७३ अर्ब २४ करोड ७२ लाख पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चालू आर्थिक वर्षको जेठ मसान्तसम्मको तथ्यांकअनुसार नेपालले रु. १० खर्ब ९९ अर्ब ७२ करोड ३३ लाख आन्तरिक र रु. १० खर्ब ७३ अर्ब ५२ करोड ३९ लाख बाह्य ऋण तिर्न बाँकी रहेको देखिएको हो।

घाटा बजेट ल्याउँदा बर्सेनि सार्वजनिक ऋण थपिँदै जाने र त्यसको साँवा-ब्याज भुक्तानीको दायित्वको भारसमेत सरकारको वार्षिक बजेटमा बढ्दै बाँकी ८ पेजमा

भारतले बिजुली बिक्री अनुमति रोक्यो

काठमाडौं। नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली लैजाने घोषणा गरेको भारतले बोली र व्यवहारमा फरकपन देखाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको हालै सम्पन्न भारत भ्रमणका क्रममा नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली लैजाने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा नै गरेका थिए ।

तर मोदीको उक्त घोषणा आफैंमा विशेष रहेको र अब सजिलै नेपाली बिजुलीले भारतीय बजारमा पहुँच पाउने विश्वासमा नेपाली पक्ष थियो । दीर्घकालीन विद्युत् व्यापार सम्झौताअन्तर्गत नेपालबाट १० हजार मेगावाट बिजुली लैजाने घोषणा गरिएको दुवै देशका प्रधानमन्त्रीले बताएका थिए । तर भारतले बाँकी ८ पेजमा

हेटौंडा सिमेन्ट उद्योग पुनः सञ्चालनमा

काठमाडौं। दुई महिनादेखि बन्द रहेको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले बुधबार बिहानदेखि पुनः उत्पादन सुरु गरेको छ। उद्योगले सिमेन्टका साथै सिमेन्ट बनाउन प्रयोग हुने 'क्लिङ्कर'को उत्पादन पनि सुरु गरेको जनाएको छ। क्लिङ्कर उत्पादनका लागि चाहिने आगो बाल्ने भट्टीमा विभिन्न उपकरण बिग्रिनुका साथै कोइलाको अभाव भएकाले सिमेन्ट उत्पादन बन्द गर्नुपरेको उद्योग व्यवस्थापनले जनाएको छ। हाल बिग्रिएका उपकरण मर्मत गरी उद्योग सञ्चालनमा आएको छ।

उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले उद्योगले बोलपत्र आह्वान गरेर भारत, इन्डोनसिया र भुटानबाट गुणस्तरीय कोइलाको आपूर्ति गरेको बाँकी ८ पेजमा

बहादुर शाह : विशाल नेपालका निर्माता

सन्दर्भ : २६७ औं जन्मजयन्ती

राष्ट्र निर्माता पृथ्वीनारायण शाहका कान्छा सुपुत्र बहादुर शाहको जन्म संवत १८१४ असार ६ गते भएको थियो। जतिखेर बहादुर शाहले धरतीमा आँखा खोल्दै थिए राजा पृथ्वीनारायण शाह कीर्तिपुरको युद्ध मोर्चामा लड्दै थिए। सो युद्धमा वीरयोद्धा कालु पाण्डे मारिएका थिए। जसले

पृथ्वीनारायण शाहलाई गहिरो चोट पुऱ्याएको थियो। कालु पाण्डे पृथ्वीनारायणका विश्वासपात्र मात्र थिएनन्, पहाडी राज्य गोरखाका जनताका सर्वप्रिय नेता थिए। कीर्तिपुरको लडाइँ पृथ्वीनारायणकै लागि खतरा बनेको थियो। भाइ सुरप्रताप घाइते भइसकेका थिए। यस्तो दर्दनाक अवस्थामा पृथ्वीनारायण शाहले छोरो जन्मिएको शुभ समाचार पाएका थिए। युद्धको पीडा र छोरो जन्मिएको हर्ष दुवै एकसाथ अनुभव गरेथे उनले।

पृथ्वीनारायण शाहले गद्दी आरोहण गर्दा हिमवत खण्डमा झन्डै ५४ वटा ससाना राज्यहरू विद्यमान थिए। पूर्वमा ब्रह्मपुत्र, पश्चिममा हिन्दकुश, उत्तरमा कैलाश मानसरोवर र दक्षिणमा गंगासम्मको भूभागलाई हिमवत खण्ड भनिन्थ्यो। गंगादेखि हिन्द महासागरसम्मको भूभागलाई भारत खण्ड भनेर चिनिन्छ। पृथ्वीनारायण शाहले विशाल नेपालको एकीकरण प्रारम्भ गरे। भारतमा राज गरिरहेको ब्रिटिस उपनिवेशवाद हिमवतखण्डका साना राज्यहरूलाई पनि इस्ट इन्डिया कम्पनीको मातहतमा राख्न प्रयत्नशील रहेकै बेला शाहले एकीकरणको अभियान आरम्भ गरेका थिए। नेपाल ईकरणको अभियान पृथ्वीनारायण शाह, उनका छोरा बहादुर शाह र बुहारी राजेन्द्रलक्ष्मी समेतले गरेर ७२ वर्ष चलेको पाइन्छ। पृथ्वीपछि बहादुर शाहले विशाल नेपालको अभियानलाई तीव्र गति दिएका थिए।

बहादुर शाहले हिमवतखण्डका राज्यहरू पाल्पा, मुस्ताङ, जाजरकोट, सल्यान, बझाङ, गढवाल लगायतका राज्यहरूलाई एकीकरण गरेका थिए। उनले यमुनामा साँध बाँधी सिरमोढसँग सन्धि गरेकाले पश्चिमतर्फ शान्ति कायम भएको थियो। नेपालमा हतियार र तोपहरू बनाउने बाँकी ८ पेजमा

हवाई भाडा घट्यो

काठमाडौं। हवाई इन्धनको साविकको मूल्यमा प्रतिलिटर १० रुपैयाँ घटेपछि हवाई भाडामा न्यूनतम ९० रुपैयाँदेखि अधिकतम ५ सय ४० रुपैयाँसम्म घटेको छ।

नागरिक उड्डयन प्राधिकरणका अनुसार, आयल निगमले हवाई इन्धनको साविकको मूल्यमा प्रतिलिटर १० रुपैयाँ घटाएसँगै आन्तरिक उडानमा रहेका वायुसेवाहरूको भाडामा

फ्युल-सर-चार्ज घटेको हो। वायुसेवाले १ सय ६० रुपैयाँ प्रतिलिटरमा खरिद गर्ने हवाई इन्धनमा ६ प्रतिशत मूल्य घटेर १ सय ५० रुपैयाँमा झरेपछि प्राधिकरणले आन्तरिक तर्फका सुगम र दुर्गम भेगका उडानमा जहाज र हवाई दुरीका आधारित सुत्रका आधारमा मूल्य घटाएको हो। यो मूल्य बुधबारदेखि लागू भएको हो। प्राधिकरणका अनुसार, सबैभन्दा धेरै हवाई भाडामा घट्ने सेक्टरमा विराटनगर-नेपालगन्ज ५ सय ४०, काठमाडौं-धनगढी ४ सय ४५, काठमाडौं-सुर्खेत ३ सय ४५ लगायत छन्।

योगको विकासक्रम र महिमा

सन्दर्भ : योग दिवस

■ बि.के.भट्टराई

काठमाडौं। हिजो अन्तर्राष्ट्रिय योग दिवस। संयुक्त राष्ट्रसंघले यस दिनलाई योग दिवसका रूपमा घोषणा गरेपछि विविध कार्यक्रम गरेर मनाइँदै आएको छ। योग भारत वर्षमा हजारौं वर्षदेखि जीवनशैलीको अभिन्न हिस्सा बनेर रहेको पाइन्छ। जुन अहिले विश्वभर फैलने क्रममा छ।

योगले प्राकृतिक तरिकाले जीवन व्यतीत गर्न सहयोग गर्छ। आज संसारभर लोकप्रिय भएको योग शब्द कर्मयोग, ज्ञानयोग, ध्यानयोग, भक्तियोग आदि अनेक रूपमा हिन्दू, बौद्ध एवं जैन संस्कृतिमा व्यवहार भइरहेको शब्द हो। योगको सोझो अर्थ हो- जोड्नु।

योगको क्रियाले पनि मानवीय चेतनालाई यसका अनेक आयामसँग सम्बन्धित गर्नसक्छ। शारीरिक एवं मानसिक स्वास्थ्य, ज्ञान, त्याग, वैराग्य आदि अनेकौं पक्षसँग यसको सम्बन्ध हुन्छ। यी सबैको केन्द्रमा गरिने सम्बन्धनलाई नै योगका रूपमा बुझिन्छ। वास्तवमा योगको उद्देश्य भनौं वा अर्थ जीवात्मालाई परमात्मासँग जोड्नसक्ने बनाउनु हो। यसरी जीवात्मा र परमात्मालाई जोड्ने क्रिया नै वास्तविक अर्थमा योग हो।

योगका आदिगुरु भगवान् शिवलाई मानिन्छ। योगका छरिएर रहेका आयामहरूलाई संकलित गरी प्रस्तुत गर्ने महर्षि पतञ्जलिले 'योगसूत्र' भन्ने पुस्तकमा भनेका छन् : योगश्चित्तवृत्ति निरोधः। अर्थात् चित्त वृत्तिको निरोध नै योग हो। यसबाट के बुझिन्छ भने योगको उद्देश्य चित्त वृत्तिहरूको निरोध हो। अर्थात् चित्त र वृत्तिलाई ठीक बाटोमा डोऱ्याउनु नै योग हो।

यौगिक क्रियाको सर्वप्रथम वैज्ञानिक व्याख्या गर्ने व्यक्ति पतञ्जली हुन्। उनको ग्रन्थ 'योगसूत्र' अहिले संसारका सबैजसो भाषामा अनुवाद भइसकेको छ। यस ग्रन्थको पहिलो व्याख्या व्यास र वाचस्पति मिश्रबाट भयो भने पछि धेरैले यसको व्याख्या गरे। जैन गुरु हेमचन्द्रले यसलाई जैन धर्मको ध्यानविधिमा प्रयोगमा ल्याए। अरु संस्कृतिको कुनै पनि कुरा स्वीकार नगर्ने यहुदी समुदायले समेत अहिले योगसूत्रको अनुवाद गरेर यसलाई व्यवहारमा ल्याइरहेका छन्।

योगसूत्रलाई योग र ध्यानको आधार मानिन्छ। विश्वका प्रथम योगी शिवले गरेको ध्यानको मूर्ति सबभन्दा प्राचीन मूर्ति हो। महावीर जैनको पनि ध्यानका मूर्ति पाइन्छन्। भगवान् बुद्धको ध्यान मूर्ति विश्वप्रसिद्ध नै छ। यद्यपि, योगशास्त्र भने भगवान् कृष्णको योगदान हो र उनलाई योगेश्वर भनिन्छ। उनको उपदेश गीतालाई योगशास्त्र भनिन्छ। योगसूत्रमा बताइएका अधिकांश कुरा गीतामा पनि छन्। यस प्रकार अप्रत्यक्ष रूपमा अन्तर्राष्ट्रिय योग दिवस गीताका उपदेशको सामान्य स्वीकृति पनि हो।

पतञ्जली योगसूत्र

पतञ्जलीले योगसूत्रमा १ सय ९५ सूत्र दिएका छन्। जसलाई उनले चार खण्डमा विभाजित गरेका छन्- १. समाधि पाद (५१ सूत्र) २. साधन पाद (५५ सूत्र) ३. विभूति पाद (५५सूत्र) ४. कैवल्यपाद (३४ सूत्र)। पतञ्जलि योगसूत्रमा योगका आठ चरणलाई अष्टांग योगका रूपमा बताइएको छ। जसअन्तर्गत यम, बाँकी ८ पेजमा

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : घिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

दलहरूभित्र चुलियो विवाद : सन्दर्भ विशाल नेपाल महाअभियान

सुरेन्द्र ढकाल

विशाल नेपालको अभियान हामीले २०४७ सालबाट सुरु गरेका हौं। त्यसैको परिणतिस्वरुप हामी ४ जनाबाट सुरु भएको आन्दोलन ४० लाख हुँदै विश्वमा रहेका ४ करोडभन्दा बढी नेपालीको माझ टिस्टा काँगडाको सन्देश पुगेपछि विशाल नेपाल चाहने सबै संस्था र व्यक्तिहरूलाई समेटी हामीले यही २०८० साल बैशाख ९ गते शनिबारका दिन आफूहरूलाई विशाल नेपाल महाअभियानमा रुपान्तरण गऱ्यौं।

हाम्रो राष्ट्रभक्तिपूर्ण यस कार्यलाई टक्कर दिन भारतले आफ्नो नयाँ संसद भवनको भित्तामा नेपाल, बंगलादेश र पाकिस्तानको भूमि समेटी बनाएको र इतिहासमा कहिले नभएको अखण्ड भारतको नक्सा झुण्ड्याएपछि यसले पाकिस्तान, नेपाल र बंगलादेश सबै देशका राष्ट्रप्रेमी जनताहरूलाई आन्दोलित बनायो। भारतको त्यस्तो हेपाह प्रवृत्तिलाई काउन्टर दिन नेपालको सरकार र कुनै राजनीतिक दलहरू नदेखिएको अवस्थामा काठमाडौं महानगरका मेयर बालेन साहले आफ्नो कार्यकक्षमा विशाल नेपालको नक्सा झुण्ड्याएपछि अहिले विश्व नै तरंगित भएको छ। दार्जिलिङमा विशाल नेपालको पक्षमा जनसागर उर्लिएको छ। यही अवस्थामा यसै हप्ता विशाल नेपाल महाअभियानले नेपालको संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको मुख्यालय गई उनीहरूलाई विशाल नेपालको नक्सा हस्तान्तरण गरी एक चुनौति पत्र थमाउँदै उनीहरूको आफ्नो दलको मुख्यालयमा विशाल नेपालको नक्सा झुण्ड्याउन र राष्ट्रपतिदेखि वडाध्यक्षको कार्यालयमा उक्त नक्सा संसदमार्फत झुण्ड्याउन लगाउन दबाब दिएको छ।

विशाल नेपाल महाअभियानको उक्त कार्यले हरेक राजनीतिक दलमा महाअभियानले दबाब दिएअनुरुप कार्य गर्ने कि नगर्ने भन्ने कुराले ब्यापक ध्रुवीकरणको शुरुवात हुने लक्षण देखापरेको छ। यसले अब राजनीतिक दलभित्रको राष्ट्रवादी र को भारतीय एजेन्ट भन्ने कुरा समेत खुलस्त हुने बेला आएको छ।

महाअभियानले पढेर सुनाएको चुनौति पत्रको जवाफमा सबै दलका जिम्मेवार नेताहरूले महाअभियानले गरेको राष्ट्रवादी कार्यको प्रशंसा गर्नुले अब विशाल नेपालको मुद्दामा सिंगो राष्ट्र एक दिशामा अघि बढ्न सक्ने अनुमान गर्न सकिन्छ। होइन हात्तीको जस्तो देखाउने र चपाउने दाँत प्रवृत्ति दल र यिनका नेताले देखाएमा महाअभियानले यिनीहरूलाई सार्वजनिक रुपमा कारवाही गर्ने अभियानको पनि छिट्टै शुरुवात गर्ने छ। अब हेर्नु छ विशाल नेपाल अभियानको कारण चुलिएको दलभित्रको आन्तरिक विवादको निकास यी दलहरूले कसरी गर्छन् भन्ने कुरा।

सम्पादकीय

बजेट बहसमा अलमलिएको संसद

संसद्को दुबै सदनमा बजेटमाथिको छलफल जारी छ। यही जेठ १५ गते अर्थमन्त्री डा.प्रकाशशरण महतद्वारा आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेटमाथि सांसदहरूले आआफ्ना धारणा राखिरहेका छन्। आफ्नो धारणा राख्दै जसपाका अध्यक्ष उपेन्द्र यादवले बजेट वितरणमा मधेसलाई पक्षपात गरिएको आरोप लगाएका छन्। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चुनाव लडेको गोर्खा जिल्ला, अर्थमन्त्री महतको गृहजिल्ला नुवाकोट र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेलधुरामा बजेट केन्द्रित गरिएको आरोप लगाएका छन्। संसदि् भत्र मात्रै होइन संसद बाहिर पनि बजेट बाँडफाँडका विषयमा अनेकौं आरोप प्रत्यारोप सुरू भएका छन्। गत वर्षजस्तै यस वर्ष पनि बजेट निर्माणको अन्तिम दिन अनधिकृत व्यक्तिलाई प्रवेश गराएर करका दायरामा हेरफेर गरिएको आरोप अर्थमन्त्री डा.महतमाथि लागेको छ।

यसैगरी राष्ट्रपति रामचन्द्र पौडेलको निजी सचिवालयका कर्मचारी र तनहुँ क्षेत्र नं २ का सांसद शंकर भण्डारीका समर्थकबीच सामाजिक संजालमा दोहोरी चलिरहेको छ। शंकर भण्डारीको पहलमा तनहुँ जिल्लामा फलाना फलाना आयोजना परे भन्दै फेसबुकमा पोस्ट भएका सामग्रीप्रति राष्ट्रपति पौडेलका छोरा चिन्तन पौडेल र निजी सचिव चिरञ्जीवी अधिकारीले आपत्ति जनाएका छन्।

यसपटक मात्रै होइन बजेट विनियोजनका क्रममा सधैं पदीय दुरूपयोग हुने गरेको छ। बस्तुगत आवश्यकताभन्दा पनि पहुँचका आधारमा बजेट बाँडफाँड हुने गरेको छ। बजेटपछि संसद्मा छलफल हुन्छ, सांसदहरूले कुरा राख्छन्, तर कार्यान्वयन गर्ने प्रचलन छैन। सांसदहरूको सुझावलाई ध्यान दिएर बजेट संशोधन गर्ने प्रचलन नहुँदा संसद्को छलफल निरर्थक बन्ने गरेको छ। आफ्नो सुझाव कार्यान्वयन नहुने भएपछि सांसदहरू पनि रचनात्मक छलफलमा केन्द्रित हुँदैनन्। आरोप प्रत्यारोप लगाएर मुखको तीतो मात्रै फाल्ने हुन्। भोलि आफ्ना मतदातासमक्ष जवाफ दिनुपर्ने सांसदहरूले नै हो। यही कारण पनि सांसद विकास कोष ब्युँत्याउन चर्को लबिङ भएको हो।

तोरी पेल्दा तेल निस्कन्छ, बालुवा पेल्दा केही पनि निस्कन्न। घिउ निकाल्न दही नै मथ्नुपर्छ, मोही मथ्दा समय र श्रमको मात्रै नास हुन्छ। अहिले संसद्मा भइरहेको बजेट माथिको छलफल पनि मही मथेजस्तै हो। संसद् र सांसदको महत्वपूर्ण समय खेर गइरहेको छ। मुलुकका जल्दाबल्दा समस्याबारे छलफल गर्ने र निकास निकाल्ने थलो हो संसद् भनेको। संसद् गठन र सञ्चालनका लागि राज्यको ढुकुटीबाट धेरै ठूलो रकम खर्च भइरहेको हुन्छ। तर सरकार गठन गर्ने र ढाल्नेबाहेक रचनात्मक काममा संसद्को प्रयोग हुन सकिरहेको छैन। सरकारका नीति तथा कार्यक्रम एवं बजेटमाथि हुने छलफलले सार्थकता पाउनुपर्छ।

प्रधानमन्त्रीदेखि प्रतिपक्षीदलका सांसदसम्मले यो कुरा बताइरहेका छन्। तर, कसरी सार्थक बनाउने ? भन्ने गृहकार्य हुनै सकेको छैन। बजेट माथिको छलफललाई सार्थक बनाउन सक्ने हो भने मुलुकको आर्थिक हालत यस्तो हुँदै हुँदैन। संघीय सरकारको बजेटमा २० लाख रूपैंया लागत सम्मका कैयौं आयोजनाको नाम उल्लेख छ। वडाध्यक्षले गर्ने काममा संघीय सरकारका अर्थमन्त्रीले हस्तक्षेप गरेपछि देश कहिले उँभो लाग्छ ? बस्तु आयात घट्दा कर्मचारीलाई तलब खुवाउन नसकिने र बस्तु आयात बढ्दा विदेशी मुद्रा रित्तिने आर्थिक दुष्चक्रबाट मुलुकलाई मुक्त कसरी गर्ने ? भन्ने बहस संसद्मा नहुनु दुर्भाग्यको कुरा हो।

खण्डित हुँदैछ विद्वत् परम्परा

पृथ्वीराज सुब्बा

प्रागऐतिहासिक कालभन्दा अघिदेखि नै विश्वका अनेकौं भागमा विद्वत् परम्पराको जग बस्दै आएको पाइन्छ। ग्रीक सभ्यतादेखि हिमालय क्षेत्रको सभ्यतासम्म प्राज्ञ, मनिषी र विद्वान्हरूले आ-आफ्ना ठाउँबाट विशिष्ट योगदान गरेको इतिहासका पानाहरूमा वर्णित छ। धर्म, दर्शन, साहित्य, कला, संस्कृति र परम्परा जोगाएर सधै स्वतन्त्र रहेको नेपालमा पनि विद्वत् परम्पराको इतिहास निक्कै पुरानो छ। नेपाल एकीकरण हुनुभन्दा पहिलो तत्कालिन बाइसे-चौबीसे राजाहरूले आफ्ना दरबारमा बिभिन्न क्षेत्रका विद्वानहरूलाई सल्लाहकारका रुपमा राख्ने गर्थे।

ब्रिटेनको 'विटेनागेमोट' जस्तै भारतमा सम्राट अशोक र अकबरजस्ता शासकले विद्वान्हरूको कदर गर्दै राज्यकोषबाटै उनीहरूको जीविकोपार्जन हुने प्रवन्ध गरिदिएका थिए। राजा पृथ्वीनारायण शाहका पालादेखि नेपाल दरबारले पनि विद्वान्हरूको सल्लाहमा काम गर्ने र कला, साहित्य, संस्कृतिलगायतका क्षेत्रमा लागेका साधकलाई प्रोत्साहन गर्ने नीति लिएको पाइन्छ। राजा महेन्द्रको निधनपछि राजदरबारमा कार्यरत सचिवहरूले आफैलाई 'नवरत्न' ठान्न थालेकाले विद्वत् परम्परालाई प्रोत्साहन दिने काममा कञ्जुसी गर्न थालियो। विद्वानहरू अवहेलित हुँदै गए। दरबारका कर्मचारीहरू नै 'पदेन विद्वान' भए।

धेरैले भन्ने गर्छन्-'नेपालमा शिक्षितको संख्या बढ्दै गएको छ तर विद्वानहरू बिस्तारै घट्दै गएका छन्।' वौद्धधर्ममा प्रज्ञाको अर्थ बुझ्ने प्राज्ञहरू कति छन् ? पूर्वीय दर्शनका ६ वटा हाँगा र गहिराइ बुझेका विद्वान् कति छन् ? कुनै बेला प्रो. जोसेफ टुचि र सिल्भाँ लेभीजस्ता विश्वप्रसिद्ध विद्वानहरूसँग समकक्षी बनेर तर्क, छलफल र मीमांसा गर्न सक्ने विद्वत् शिरोमणि पं. हेमराज र प्रा. केशरबहादुर केसी जस्ता विद्वान अब कति छन् ? यस्ता प्रश्नले धेरैलाई चसक्क घोच्ने गर्छ। लाओत्से, चाणक्य, कन्फ्युसियस आद्यगुरु शंकराचार्य, भर्तृहरि, पतञ्जली, कपिल, व्यास, बुद्धआदिसँग आधुनिक विद्वान्हरूको तुलना गर्न सकिदैन। आधुनिक विद्वान्हरूका बारेमा मिखायल रेन भन्छन्-"नयाँ युगका विद्वान् र दार्शनिकहरू सतही छन्। कम्युनिष्ट राजनीतिमा लाग्नेहरूले त एउटा समूह बनाएर एक - अर्कालाई विद्वानको पगरी लगाइदिने गरेका छन्। फ्रान्स, इटली र पूर्वी युरोपका संचारमाध्यमले त केही टापटिपेहरूलाई नै विद्वान् भनिदिए। पहिलेका उग्रकम्युनिष्टहरूले पनि साम्यवाद परित्याग गरेर समूह बनाए। 'नव दार्शनिक' भनिएका सोल्झेनित्सिनहरू त्यस्तै हुन्।'

पश्चिमी भूभाग र पौरस्त्य सभ्यतामा विद्वान् र प्राज्ञको परिभाषा अलि फरक छ। जिसस क्राइस्टभन्दा पचासवर्ष पहिलो जन्मिएका कम्फ्युसियस चीनका सुधारक, चिन्तक र दार्शनिक मात्र नभएर अब्बल दर्जाका राजनेता समेत हुन्। उनको दर्शनले चीन, कोरिया, भियतनाम र जापानसम्मका करोडौं मानिसलाई जगायो। कन्फ्युसियसको गुरुकुलबाट दीक्षित हुनेहरू जति योग्य थिए, उत्तिकै विनीत पनि। शिक्षाले जागिर मात्र दिन्छ, विद्याले विनम्र बनाउँछ भनेको त्यही हो। नेपालमा पनि 'शिक्षित' हुँ भन्नेहरू प्रायः अहंकारी छन् भने प्रसिद्ध विद्वान्हरू साह्रै विनयी छन्।

विद्वत् परम्परामा हुर्किएका व्यक्तिहरूमा शालीनता, शिष्टता, विनम्रता र व्यावहारिक चरित्र पाइन्छ भने धर्म संस्कृति एवं परम्पराप्रति उनीहरू त्यतिकै संवेदनशिल पनि छन्। राष्ट्रियताप्रति उनीहरू सचेत छन्। हरेक राष्ट्रले विद्वान्हरूको सल्लाहमा मूल नीति बनाएर राष्ट्रिय सुरक्षा, परराष्ट्र, धर्म, संस्कृति, परम्परा, विज्ञान प्रविधि, भाषा, साहित्य, कलालगायत यावत् क्षेत्रको उत्थानमा ध्यान दिने गर्छन्। दुर्भाग्यको कुरा, नेपालमा मात्र विद्वान्हरूलाई पन्छाएर शासन गर्न खोजिन्छ।

विद्वत्शिरोमणि कुलचन्द्र गौतम, पण्डितराज सोमनाथ सिग्देल, योगी नरहरिनाथ, बाबुराम आचार्य, रुद्रराज पाण्डे, पं. नयराज पन्त, ऋद्धिबहादुर मल्ल, जनकला शर्मा, पं. टेकनाथ गौतम (दाङ), पं. दधिराम मरासिनी, महेन्द्रचन्द्र रेग्मी, सूर्यविक्रम ज्ञवाली, भिक्षु अमृतानन्द महास्थवीर प्रा. यदुनाथ खनाल, प्रा. खेमराज केशव शरण र डा. प्रपन्नाचार्य जस्ता दर्जनौं नामहरू नयाँ पुस्ताका शिक्षितले समेत बिर्सन थालेका छन्। नेताहरूलाई त विद्वताका बारेमा नसोधे पनि हुन्छ। विश्वविद्यालयको ठूल्ठूलो डिग्री लिएका 'शिक्षितहरू' भाक्लाभ हाभेल, नोम चम्स्की, फ्रान्सिस फुकुमाया, अमर्त्य सेन, अलि अल सिस्टानी, किशोर मुहबुवानी, वाङ् जि-सी, सेर्गेइ कारानोम, शिन्तारो बानिहारा, एन्थोनी स्मिथ र अर्नेष्ट गिल्भर लगायतका हजारौं विद्वानहरूका बारेमा थोरैमात्र ज्ञान राख्छन्। विद्वत् परम्परामा हुर्किएका नागरिकहरू सचेत, स्वाभिमानी, विद्वान र राष्ट्रवादी हुन्छन्। त्यसैले विदेशीहरू पनि नेपालको विद्वत् परम्परलाई ध्वस्त पारेर यन्त्रमानवहरूको कारखानाका रुपमा गैर सरकारी संस्थाहरूलाई प्रोत्साहन दिइरहेका छन्।

विद्वान्हरूका बारेमा वेनेडिक्ट एन्डरसनको टिप्पणी घतलाग्दो छ -'राजनीतिक, आर्थिक र सामाजिक पहिचान एवं उत्थानका लागि साझा दृष्टिकोण तयार पार्न सक्ने विद्वान्-विदुषीहरू वास्तवमा राष्ट्रका मार्गदर्शक हुन्। त्यसैले उनीहरूलाई सभ्य र इमानदार मानिसहरू अग्रज मान्छन्।'

हिटलरदेखि मुसोलिनी, चन्द्र शमशेरदेखि जंगबहादुर र महारानि भिक्टोरियादेखि नेल्सन मण्डेलासम्मका शासकहरूले विद्वान्-विदुषीहरूको सम्मान गर्दै आफ्नो भूमिका विद्वत्परम्पराको अहर्निश जगेर्ना गरे। तर नेपालको आजको अवस्था हेर्दा विद्वत् परम्परा बेवारिस बन्दै गएको देखिन्छ। कलमजीवीहरूभन्दा बन्दुकजीवीहरू प्रवल देखिएका छन्। प्रसिद्ध विद्वान पं. नयराज पन्तले भन्नुभएको यियो -'नेपालमा वौद्धिक क्रान्ति भएकै छैन।' वास्तवमा उहाँको कथन अकाट्य छ। विद्वत् परम्परा जागाउन विद्वान्हरूले जात, धर्म, दल, क्षेत्र वा भाषाको विवादबाट माथि उठेर सामुहिक छलफल गर्ने बेला आइसकेको छ। विद्वत परम्पराको रक्षा गर्न सकिएन भने राष्ट्रको रक्षा कसरी होला ?

सानोगौचरण मैत्री समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

परिचय

सानो गौचरण मैत्री समाज कामनपा वडा नं १० पुरानो बानेश्वर हिलको बस्तीमा २०७५ सालमा स्थापना भएको हो । जिल्ला प्रशासन कार्यालयमा दर्ता यस समाजको दर्ता नं २८९।०७५।७६ रहेको र यसको अध्यक्षमा परशुराम ढकाल, उपाध्यक्षमा अमिता कोइराला, सचिवमा पुरुषोत्तम, कोषाध्यक्षमा चिरञ्जीवी खड्का, सहसचिवमा कमलप्रसाद घिमिरे र सदस्यहरूमा क्रमशः परशुराम भट्टराई, गायत्री पोखरेल, अजयराज भट्टराई, सुशिल भट्टराई, विमलबहादुर श्रेष्ठ, द्रौपदी पोखरेल, सतिसराज भट्टराई र सरितादेवी ढकाल रहनुभएको छ ।

समाजका क्रियाकलापहरू

यस समाजले सामाजिक कार्यहरू जस्तै रक्तदान, टोल सरसफाइ, खेलकुदलगायत अन्य विभिन्न रचनात्मक कार्यहरूमार्फत स्थानीय स्तरमा समाजको सेवा गर्दै आइरहेको छ । विशेष गरी समाजसँग आबद्ध स्थानीय युवाहरू जम्मा भई हरेक बिहान सानो गौचरणको पार्कभित्र नियमित ब्याडमिन्टन खेल्ने गर्दछन । यसले स्थानीय स्तरमा उनीहरूबीच सहकार्य र सदभाव वृद्धि हुनपुगेको छ । संस्थाको कुनै ठूलो आर्थिक स्रोत नभएको र व्यक्तिगत स्तरमा सदस्यहरूले गरेको योगदानको कारण समाजले आफ्ना क्रियाकलापलाई निरन्तर रुपबाट अगाडि बढाइरहेको छ । नियमित खेलकुद, सरसफाई र रक्तदान यस समाजको मुख्य कार्य भएको हुँदा यसले स्थानीय स्तरमा स्वास्थ्य र वातावरण प्रवर्द्धनमा केही सहयोग पुगेको छ ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य

यस समाजले २०७९ सालदेखि सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरेको परिणामस्वरुप आर्थिक वर्ष २०७९।८० देखि प्रतिष्ठानबाट समाजलाई वार्षिक अनुदान प्राप्त हुन थालेको छ । जसअनुरुप प्रतिष्ठानले यसै आर्थिक वर्षमा समाजलाई रु २५ हजारको ब्याडमिन्टन खेल सामग्री प्रदान गरेको छ । जसमा ब्याडमिन्टन राकेट ४ थान, जाली १ थान, कर्क ३५० (१० बट्टा) रहेको छ ।

निकट भविष्यमा यस समाजले प्रतिष्ठानसँग स्थायी आवद्धता समेत प्राप्त गर्ने छ र तत्पश्चात वार्षिक रुपमा प्रतिष्ठानबाट नियमित सहयोग प्राप्त गर्ने बाटो पनि खुली समाजको भविष्य स्थायी रुपमा सुरक्षित हुने अपेक्षा गरिएको छ । यसका लागि यो समाज सुरेन्द्र ढकाल प्रतिष्ठानप्रति कृतज्ञ रहेको छ । आउँदा वर्षहरूमा प्रतिष्ठानबाट हुने निरन्तर सहयोगले यस समाजको क्रियाकलापहरू अझ राम्रो र व्यवस्थित रुपमा सम्पादन हुन सक्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

सडक डिभिजन काठमाडौंको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । विभिन्न सडक खण्डमा अनधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरू नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक विभिजन हार्दिक अनुरोध गर्दछ ।

डिभिजन प्रमुख

कथा

स्माइल जेरूसलेम

आलोक

म पहिलोपल्ट कराँची सहरमा आइपुगेको छु । रातको बाह्र बजे पनि सहर सुतेको छैन । होटलको पन्ध्रौं तलाबाट हेर्दा बिजुली बत्तीको महासागर देखिन्छ । टेलिभिजन हेर्न मन लागेन । भोलि बिहान आठ बजे यहाँबाट सत्ताइस किलोमिटर टाढा सम्मेलन भवनमा पुग्नुछ । पटक्कै निद्रा छैन आँखामा । केही बेर पढें । एक बजेतिर बत्ती निभाएर सुतें ।

झट्ट सम्झना आयो सराहको । ऊ राष्ट्रसंघको कर्मचारी भएर यही सहरमा आइपुगेको कुरा तीन महिनाअघि चिठीमा लेखेकी थिई । काठमाडौंमा उसले भनेकी थिई- 'कुनै दिन फेरि भेट होला । धीत मरुन्जेल कुराकानी गरौंला ।'

अर्को दिन बिहानै सम्मेलन सुरु भएकाले त्यसमै व्यस्त रहनुपर्‍यो । सहरको मध्य भागमा विदेशी नियोग र राष्ट्रसंघीय कार्यालय रहेको कुरा एकजना पत्रकारबाट जानकारी पाएपछि साँझपख मैले सराहलाई फोन गरें ।

'हलो, स्माइल जेरुसलेम हो ?' उसले मेरो आवाज प्रस्ट चिनी । काठमाडौंमा म उसलाई 'स्माइल जेरुसलेम' भनेर बोलाउँथें ।

टाढैबाट बोलाउने उसको पुरानो बानी छुटेको रहेनछ । होटलको स्वीमिङ पुल छेउको कफिसपमा बसेर हामीले सम्झनाका पानाहरू पल्टायौं ।

सराहका बुबा काठमाडौंस्थित इजरायली दूतावासका कूटनीतिज्ञ छँदा उसले पहिलोपल्ट नेपाल भ्रमण गरेकी थिई । त्यसैले नेपाल र नेपालीबारे ऊ राम्रो जानकारी राख्ने गर्छे । इजरायललाई मान्यता दिने पहिलो दक्षिण एसियाली देश नेपाल नै हो र सन् १९६१ मा तेल अबिबमा पहिलोपल्ट नेपाली राजदूतावास खुलेको कुरा उसले मलाई बताएकी थिई ।

'कस्तो छ हालखबर ?' सराहले सोधी ।

'सबै राम्रो छ । दुई दिन भयो तिमीलाई खोजेको... । 'मैले प्रत्युत्तर दिएँ ।

'गफ दियौ तिमीले । मेरो अफिसमा फोन गरेको भए एयरपोर्टमै लिन आउने थिएँ ।' उसले भनी ।

'ढिलै भए पनि भेट भयो । म तीन-चार दिन बस्छु ।' मैले भनें ।

'आइतबार मेरो बिदा छ । बिहानैदेखि म तिमीलाई सहर घुमाउँछु । तिमीले मलाई नेपालका चार पाँच ठाउँ घुमाएका थियौ । हेर, त्यति धेरै त नसकुँला तर प्रयास गर्छु ।' उसले भनी ।

'कहाँ छन् तिम्रा साथीहरू ?' मैले सोधें । 'को साथी ?' उसले प्रश्न गरी ।

'उही क्या त नाओमी, पउला, सुसाना... ।' मैले सम्झाएँ ।

'हेर बदमास, मेरा राम्रा राम्रा साथीहरूको नाम अझै कण्ठ रहेछ । कस्तो मान्छे... ।' ऊ हाँसी ।

'नाओमीले हिब्रु विश्वविद्यालयमा धर्मशास्त्र पढाउँछे । पउलाले बाबुको ट्राभल एजेन्सी सम्हालेकी छ । सुसानाले दुःख पाएकी छ । लोग्नेसँग सम्बन्धविच्छेद गरी । बूढी आमा र दुइवटी छोरी पालेर बसेकी छ । बिचरी... ।' उसले विस्मय मान्दै भनी ।

'किन, के भयो त्यस्तो ?' मैले सोधें । 'के हुनु नि, लोग्नेमान्छेको जातै रद्दी ... । घाम देख्यो घामै राम्रो जून देख्यो जून । सुसानाको लोग्ने सेनामा क्याप्टेन थियो । तेल अबिबमा एउटा जर्नेलकी छोरीसँग बिहे गरेर उतै घरज्वाइँ बस्यो ।' उसले कथा सुनाई ।

'तिम्रो मामाघर पनि तेल अबिब नै होइन ?' मैले सोधें ।

'आठ वर्ष पहिले मैले भनेको सबै कुरा सम्झिराखेका छौ हगि । तिम्रो स्मरण शक्ति पनि गजबकै रहेछ ।' उसले भनी ।

'काठमाडौंबाट जेरुसलेम पुगेपछि मैले तिमीलाई सम्झेर एउटा कविता लेखेकी थिएँ । अहिले पनि सम्झना छ मलाई ।' सराहले पुराना दिनहरूको सम्झना गर्दै भनी ।

'विमानमा उड्दा म ममीपापाको आँखा छलेर रोएँ । तिमीलाई छोडेर फर्किनुपर्दा धेरै नरमाइलो लागिरहेको थियो । तेल अबिबको बेन येहुदा स्ट्रिटमा रहेको तिमीहरूको दूतावासमा नेपाली झन्डा देख्दा पनि तिमीलाई सम्झेकी थिएँ ।'

'कस्तो कविता लेख्यौ मेरो बारेमा ?' 'सुनाऊ प्लिज... ।' मैले आग्रह गरें ।

उसले कविताको पृष्ठभूमि सुनाई । इजरायलमा हाम्रो घरमा म हजुरआमासँग सुतेकी थिएँ । सपनामा तिमीले मलाई ब्युँझायौ । अनि मध्यरातमै उठेर कविता लेखें–

"you wake me from my sleep
and drenched my heart
with a love so deep .
When I look into your eyes,
I see my reflection,
My feelings for you
I do not despise
You treat me like the princess ."

'कस्तो लाग्यो कविता ?' उसले सोधी ।

मैले सराहको आँखामा आफ्नो प्रतिबिम्ब देखें । उसले लेखेका शब्दहरूमा इमानदारी थियो, उच्छ्वास थियो र प्रेमप्रतिको प्रगाढ आस्था थियो । सराहको कविता सुनेपछि म केहीबेर भावशून्य भएँ । उसले यति धेरै माया गर्छे भन्ने मलाई कहिले अनभति भएको थिएन ।

'इजिप्ट, लेबनान, सिरिया, गाजा, वेस्ट ब्यांक, डेड सि र मेडिटेरियन सागरलाई छुने इजरायललाई मैले लडाकुहरूको देश मात्रै भन्ठानेको थिएँ । त्यो त प्रेमीप्रेमिकाहरूको देश रहेछ ।'

मेरा कुरा सुनेपछि ऊ लजाएर हाँसी ।

'हाइफामा भएको लडाइँमा मेरो पति मारिएपछि बहुलाही जस्तो भएकी थिएँ म । अरबीहरू देख्दा रिस उठ्थ्यो । काँचै चपाउँ जस्तो लाग्थ्यो उनीहरूलाई । उनीहरूले नै मेरो लोग्नेलाई एम्बुसमा पारेर मारेका थिए । २५ वर्षको उमेरमा ऊ देशका लागि सहिद बनेको थियो । बुबा नेपालमा राजदूत भएर गएपछि केही वर्ष त्यहाँ बस्दा मैले विस्तारै आफूलाई सम्हालें । पुराना कुराहरू बिर्सिने प्रयास गरें । मुटु चिरिने मेरा घाउहरूमा विस्तारै मलहम लगाउँदै गएँ । यसमा तिमीले दिएको सान्त्वनाले औषधिको काम गऱ्यो । थाहा छ, जीवनबारे तिमीले मलाई बुद्धका कथाहरू सुनाएका थियौ । तिमी जस्तो साथी पाएकै कारण म बाँचें । नत्र आत्महत्या गर्थें हुँला ।' सराह बोली ।

'सराह, थाहा छ, जिम्मी कार्टर, मेनाखेम बेगिम र अनबर अल सादातले क्याम्प डेभिड सम्झौता गरेझैं तिमी र मैले नगरकोटमा गएर अबदेखि आँसु नझार्ने सम्झौता गरेका थियौं । कालो बादलले सूर्यलाई पनि छेक्छ तर सधैं छेक्न सक्दैन । त्यसैले हामी आशावादी बन्नुपर्छ । सत्यलाई आत्मसात गर्दा कष्ट हुन्छ तर त्यसले प्रसूति पीडाझैं खुसी बोकेर ल्याउँछ ।' मैले उसलाई सान्त्वना दिएँ ।

'मलाई तिम्रो कुरा सुनिरहन मन लाग्छ । कुरैकुरामा तिमीले ममस्पर्शी संवाद बोलिरहेका हुन्छौ ।' सराह बोली ।

'इजरायल सन् १९४८ मा स्वतन्त्र नभइदिएको भए युद्धको औचित्य र नैतिक आधार समाप्त हुन्थ्यो । जर्नेल बनेर त्यत्रो स्वतन्त्रता संग्राम लड्ने तिम्रा हजुरबुबा र डेभिड बेन गुरियन जस्ता महामानवहरूको इतिहास बालुवा हुने थियो । लोभ, छलकपट र विदेशीको स्वार्थमा बिकेर नेताहरूले अलिकति मात्र धोका दिएको भए अरबहरूले यहुदीहरूको चोक्टा चोक्टा लुछेर खाने थिए ।'

मैले यति भन्दा नभन्दै सराहका आँखामा आँसु छचल्किए । उसले रुमालले आँसु पुछ्दै भनी- 'सायद पूर्वजन्ममा तिमी पनि इजरायली थियौ । कति माया गछ्र्यौ तिमी नेपाल र इजरायललाई । इमेलबाट तिमीले पठाएका चिठी र लेखहरू म पढ्छु । देशभक्तिले भरिएका ती शब्दहरू पढेर म भावुक बन्ने गर्छु । तिमीले देशभक्तिका बारेमा लेखेका थुप्रै पत्रहरू मैले मेरो बुबालाई पनि देखाउने गरेकी छु । तिम्रो देशलाई पनि बेन गुरियन, गोल्डामेर अनि मोसे दायनहरू चाहिएको छ । नत्र समाप्त हुन्छौ तिमीहरू... ।' ऊ गम्भीर भई ।

सराहको सुकोमल शरीर आद्योपान्त पढेपछि मलाई लाग्यो, देशप्रेम रगतका कणकणमा हुनुपर्दोरहेछ । किनेका साथी, थोपरिएको देशभक्ति र आडम्बरी राष्ट्रवाद उस्तैउस्तै हुन्छन् सायद ।

सराह हुन् वा उसका साथी नाओमी, पउला र सुसानाहरू, सबैजना आफ्नो जन्मभूमिप्रति गर्व गर्छन् । स्वाधीन र स्वतन्त्र हुन पाउँदा गर्वोन्मक्त बन्छन् ।

मैले ब्रेकफास्ट खाँदै सराहसँग नेपाली र इजरायली मुटु साट्न खोजें ।

मेनाखेम बेगिमको कुरा चल्यो । मैले प्रसंग कोट्याएँ– 'सन् १९८२ मा जीवनसाथी एलिजाको मृत्यु भएपछि मेनाखेम बेगिम साह्रै बेचैन भएका थिए रे होइन ?'

'हो, बुबा त्यसै भन्नुहुन्थ्यो । सन् १९९२ मा उनको मृत्यु हुँदा धेरै इजरायलीहरू रोएका थिए । उनले नोबेल पुरस्कार पाउँदा खुसी मनाउनेहरू उनको मृत्युमा त्योभन्दा धेरै दुःखी भएका थिए । किनभने उनले इजरायली माटो र मुटुलाई जोड्ने काम गरेका थिए'- सराह बोली ।

घन्टौंसम्म बसेर धेरै विषयमा बोल्न सक्ने सराहलाई मैले सोधें- 'अझै बिहे गरेकी छैनौ ?' अहँ मन मिल्ने साथी भेटेकी छैन ।' उसले हाँसेर भनी ।

'कि नेपालतिरै जाने त ?' मैले जिस्क्याएँ । उसले मेरो गाला चिमोट्दै भनी- एउटा ठूलो सुटकेशमा लुकाएर लैजाउ है त ... ।'

उत्तरी ध्रुवसमेतको जीवन-यात्रा

■ इन्दुल के.सी.

प्रारम्भ

हुनत सबै प्राणीको जीवन नै एउटा यात्रा हो । यात्राको दौरानमा मानिस एक स्थानबाट अर्को स्थानमा विभिन्न कामले यात्रा गरिरहन्छ । रहरले, बाध्यताले, कामकाजको सिलसिलामा, तीर्थ यात्री भएर, कसैको भरिया भै भारी बोकेर, मनोरञ्जनको लागि, सोखले, नयाँ-नयाँ ठाउँ, हिमाल, पहाड, तराई, मरुभूमि, जङ्गल, देश विदेशमा यात्रा गरिन्छ । कोही पैदलयात्री, कोही सवारी साधनहरु प्रयोग गरी, साइकल यात्री, गाडा, वैलगाडी, टेम्पु, मोटरसाइकल, मोटर, हवाइजहाज, नाउ डुङ्गा, जहाज चढेर यात्रा गर्छन् । कोलम्बसले अमेरिका पत्ता लगाउँदा यात्री भएर, हुयान सेन, माउत्सेतुङले लङ मार्च गर्दा यात्री भएर कतिले विश्व भ्रमण गरेको कुरा इतिहासले बताउँछ । यसै क्रममा वासुदेव ढकालजीले एउटा कुरामा विश्व कीर्तिमान कायम गर्नुभयो । आफ्नो यात्रा वर्णनको क्रममा आफ्नो जीवनमा आफूले गरे-भोगेका विविध कुराको वर्णन, आफ्नो देश नेपाललाई आफू पुगेका स्थानका मानिसलाई नेपाली जीवन, कला सङ्स्कृति, रीतिरिवाज, योगका कुरा पुऱ्याउनुभयो । यसरी नै उहाँले आफू पुगेको स्थानको विकासनिर्माण, रहनसहन, चालचलनलाई देखेर बुझेर नेपालीलाई यस पुस्तकको माध्यमबाट प्रदान गर्नु भयो ।

नेपाली यात्रा साहित्यको इतिहास खोतल्ने हो भने वि.सं. १५५० सालमा तत्कालीन राजा गगनीराजले मुगुदेखि मुस्ताङसम्मको आफ्नो यात्रालाई लिपिवद्ध गरेको सङ्ग्रहलाई यात्रा साहित्यको प्रथम मानिन्छ । यसलाई पुस्तकको रूप दिने लेखक करवीर रावल हुनुहुन्थ्यो । डा. तारानाथ शर्माको यात्रा कृति 'बेलायततिर बरालिँदा' २०२६ सालमा प्रकाशन भएको थियो । चिरञ्जीवी शर्मा पौड्यालले १९६७ सालमा पद्यमा लेख्नुभएको डिल्ली शमशेर थापाको नाममा प्रकाशित श्री युरोप यात्रा कृति हो । वि.सं. १९७० मा शेरसिंह राणाको मेरो लन्डन यात्रा, पुरोहित रामप्रसाद सत्यालद्वारा मंगल गौरी पुस्तक प्रकाशन भएको पाइन्छ । यसरी धेरै नेपाली पुस्ताहरुले नियात्रा पुस्तकहरु लेखिसकेका छन् । नियात्राका पुस्तक लेख्नेहरुमा डा. हर्क गुरुङ, जनकलाल शर्मा, ध्रुवचन्द गौतम, कमलमणि दीक्षित, लैनसिंह वाङेदल मञ्जुल, गंगाप्रसाद उप्रेती, बुलु मुकारङ, प्रदीप नेपाल, चन्द्रप्रसाद भट्टराई, डा. वानिरा गिरी, कृष्णप्रसाद पराजुली, नरेन्द्रराज प्रसाई, श्रीओम श्रेष्ठ 'रोदन', राम दयाल, राकेश, सत्यमोहन जोशी, वासुदेव ढकाललगायत सयौं नियात्रा नेपाली साहित्यका स्रष्टाहरु हुन् । असफल गौतम नियात्रा साहित्यको पार्श्वचित्र, जरोटुप्पो सङ्रक्षण साहित्य समाज नेपालद्वारा प्रकाशित हिमवत् खण्ड सौरभ पुस्तकको आधारमा उल्लिखित विवरण ।





विषय प्रवेश

१) यस लेखमा योगाचार्य वासुदेव ढकालज्यूले लेख्नुभएको उत्तरी ध्रुवदेशको यात्रा साथै जीवन यात्रा २०५६ वासुदेव १०२ पृष्ठको यो पुस्तक लेखकका चार छोराहरु उपेन्द्र, देवेन्द्र, सुरेन्द्र र नरेन्द्रले २०५६ सालमा प्रकाशन गरेका रहेछन् । लेखकका पिता पण्डित माधवप्रसाद ढकाल तथा माता जगतमञ्जुरीदेवीमा शब्द श्रद्धाञ्जलि समर्पण गरिएको रहेछ । पुस्तकको मूल्य के कति ? तथा विषय सूचि लेखिएको पुस्तकमा देखिएन ।

यस पुस्तकमा निम्नलिखित शीर्षकका लेखहरु रहेका छन् :

१) उत्तरी ध्रुव प्रदेशको यात्रा

२) The Land of the Himalayas and the land of the midnight Sun

३) श्री ५ को सरकार परराष्ट्र मन्त्रालयको पत्र

४) पुस्तकको दोस्रो भागमा लेखकको जीवनयात्रा

लेखकको जीवनयात्रा अन्तर्गत कवि र लेखकको रूपमा, विश्वयात्रीको रूपमा, गृहस्थ योगीको रूपमा, पञ्च महाव्रतीको रूपमा, कामशास्त्रीको रूपमा, आत्माआलोकको रूपमा, अनुभवी शिक्षकको रूपमा, स्वाभिमानी राष्ट्रसेवकको रूपमा, वृद्ध जनसेवीको रूपमा शीर्षक एउटा सूचीमा दिइएको छ ।

उहाँको विभिन्न सात ओटा साहित्यिक कृतिहरु प्रकाशित भइसकेका छन् । अप्रकाशित साहित्यिक कृतिहरु चार, अन्य स-साना प्रकाशित २००४ सालदेखि २०३४ सालसम्ममा विभिन्न शीर्षकका ३४ ओटा कृतिहरुको विवरण यस पुस्तकको पृष्ठ ४२, ४३, ४४ र ४५ मा समावेश भएका छन् ।

विश्व पर्यटकको रुपमा

यस पुस्तकमा यात्रा वृतान्तको विवरण २००४ सालदेखि २०५६ सालसम्ममा जम्मा ५७ ओटा विभिन्न यात्रा वर्णनहरु उल्लेख गर्नुभएको छ ।

गृहस्त योगिको रूपमा योगसम्बन्धी केही टिपोटहरुका उपशीर्षकहरु :

१) कविरत्न श्री कृष्णप्राद घिमिरे, (२) योगी परमहंस श्री सच्चिदानन्द सरस्वती (श्री खप्तड स्वामी), (३) श्री स्वामी शिवानन्द, (४) ओशो रजनीश, (५) महर्षि महेश योगी, (६) स्वामी राम, (७) योगि नरहरिनाथ, (८) डा. स्वामी रामानन्द गिरी । उल्लिखित व्यक्तिहरुको निकट सम्बन्ध स्थापना गरी भक्तियोग, योगक्षेत्रमा अघि बढ्ने हौसला, प्रेरणा पाएको उहाँहरुको योग सम्बन्धि ग्रन्थहरु पढेर ज्यादै प्रेरित र प्रभावित भएको देखाइएको छ । ओशो रजनीशको साहित्यिक, यौगिक, धार्मिक र आध्यात्मिक प्रभाव आफूमा परेको तथा सम्भोगसे समाधितक (From Sex to Super Consciousness) को सिद्धान्तमा आफू सहमत भएको कुरा उल्लेख गर्नुभएको छ । यसरी नै महर्षि महेश योगी भावातीत ध्यान (Transcendental Meditation) को अध्ययनको साथै आवश्यक उपदेश एवं मार्ग दर्शन पाउनुभएको रहेछ । स्वामी रामसँग उहाँको योग अध्ययनमा उहाँसँगै एकान्तमा योगसाधना सम्बन्धमा छलफल गर्नुभएको रहेछ । साहित्य, इतिहास, दर्शन, योग आयुर्वेद, धर्मशास्त्र, राजनीति, वेदवेदान्त, लिपि, विज्ञान, जडिबुटी विज्ञान, ज्योतिषविज्ञानका ज्ञाता योगी नरहरिनाथज्यूबाट आफूलाई (वासुदेव ढकाल) योगाचार्यको प्रशंसापत्र प्रदान भएको, २०५३ सालमा "दार्शनिक विशिष्ठ ज्ञान यज्ञ प्रथमोदान शौण्ड प्रशंसापत्र प्राप्त गर्नुभएको तथा आफूले २०५३ सालमा स्थापना गरेको वासुदेव ढकाल गोरखनाथ पुरस्कार नामक योग सम्बन्धी गुठीका प्रमुख सङ्रक्षक हुनुभएको कुरा यहाँ उल्लेख छ । महेश सन्यास आश्रम र महेश सङ्स्कृत गुरूकुलम्का सङ्स्थापक अध्यक्ष डा. स्वामी रामानन्द गिरीज्यूले देवघाटको आश्रममा गुरूकुलका विद्यार्थीहरूलाई पढाउने अवसर प्रदान गर्नुभएको कुरा उल्लेख भएको पाइन्छ ।

बासुदेव ढकालज्यूले योग सम्बन्धी श्रीमद् भागवत् गीताको वासुदेव्य नेपाली अनुवाद, महामन्त्र ॐ अन्तर्यात्रा आफैंभित्र नियाल्दा, योग आजको आवश्यकता, अनिवार्यता, अपरिहार्यता प्रकाशन गर्नुभएको छ ।

ढकालज्यूले निम्न तीर्थ पञ्च महाव्रतहरू प्रतिपादन पनि गर्नुभएको छ ।

क) यथासम्भव आयाचक, सकेसम्म नमाग्ने ।

ख) यथासम्भव स्वावलम्बन, आफैं जस्तो बन्ने, आफ्नो काम आफैं गर्ने ।

गं यथासम्भव व्ययमा परमित्रता, मितव्ययी हुने, फजुल खर्च नगर्ने ।

घ) यथासम्भव अमानित्व, आफैं जानका ठूलो बन्न नखोज्ने ।

ङ) यथासम्भव स्वाध्ययन, आफैंबाट सिक्ने, प्रकृतिबाट सिक्ने, आफ्नो गुरू आफैं बन्ने कामशास्त्रीको रूपमा, सम आत्मालोचकको रूपमा, एक अनुभवी शिक्षकको रूपमा, तालिम र सेमिनारमा आफूले भाग लिएका विवरण, आफूले गरेको अध्यापनको अनुभव, स्वाभिमानी राष्ट्रसेवकको रूपमा, वृद्ध जनसेवीको रूपमा पनि रहेको विवरण यस पुस्तकमा पाइन्छ ।

उहाँले प्रकाशन गर्नुभएका सात ओटा पुस्तकहरूको नाम, अप्रकाशित चार ओटा कृतिहरूको नाम, उहाँले घुमेका १८ ओटा मुलुकहरूको नाम र उहाँको एउटा फोटो सहित आफ्नो नाम, जन्म मिति, शैक्षिक योग्यता, विशेषता, सङ्स्थापक अध्यक्ष भएको समेतको विवरण दिनुभएको छ ।

श्री वासुदेव ढकाल २०३६ साल आषाढ २९ गते आइतबार कर्कट रेखा पार गरी सङ्सारको सिरानी उत्तरी ध्रुव प्रदेशको फिनल्यान्डको उत्तरी भेग लापल्यान्ड आजसम्म नेपाली पाइलाले नकुल्चिएको एक नेपाली यात्रीको हैसियतले उहाँ पुग्नुभएको रहेछ । फिनल्यान्डमा ६० हजार तलाउ र ३० हजार टापुहरू रहेछन् । त्यस देशको राजधानी हेलसिन्कीलाई White City of the Blue Sea अर्थात् नीलो समुद्रमा अवस्थित सेतो शहर भनिन्छ । फिनल्यान्डमा उहाँको सात हप्ताको बसाइ थियो । त्यहाँ रहेका लुचोरेक चर्च, ओलम्पिक स्टेडियम, २३ तले टावर, युनिभर्सिटी, बैंक अफ फिनल्यान्ड, सिटी हल, प्रेसिडेन्ट्स नेसनल अपेरा, स्टुडेन्ट हाउस, हेड पोस्ट अफिस, सेन्ट्रल हरिचटेल, सुन्दर अत्याधुनिक कलाकौशल एवं कालिगडीले पूर्ण भएको ताप्पिओलसमेतका स्थानहरू उहाँले अवलोकन गर्नुभएको रहेछ ।

फिनल्यान्डका सहरहरूको भ्रमण गर्दा आफूलाई भाषाको कठिनाइ, सज्जन र दुर्जनहरूको सौजन्य र दौजर्न्य ठाउँ-ठाउँमा आफूले व्यहोर्नु परेको एक्लो यात्री, अज्ञात स्थान, नबुझिने भाषा, सीमित अवधि, सयौं माइलको भ्रमण, पानीजहाज, हवाइजहाज, रेलगाडी, मोटरकारमा र पैदल यात्रासमेत गर्नुभएको रहेछ ।

यूएन फेलोसिपअन्तर्गत पर्यटन सम्बन्धी अध्ययन भ्रमणको निमित्त करिब चार महिनाका लागि वासुदेब ढकालजी स्कन्दनिवियाका मुलुकहरूको भ्रमणमा जानुभएको रहेछ । यसै क्रममा उहाँ नयाँ दिल्ली, देहरादुन, फ्रयाङ् कफ्रोट, डेनमार्कको कोपेनहेगन पुग्नुभयो । त्यहा लासफैक्ट्री र टुवर्ग वियर फ्याक्ट्रीको अवलोकन, पटक-पटक डेनिस परिवारमा सम्मिलित भई त्यहाँको रीतिथिति, चालचलन, कल्चर र जनजीवनको जानकारी हासिल गर्नुभएको रहेछ ।

यात्राको अर्को देश स्विडेनको राजधानी स्टकहोम, नर्वेको राजधानी ओस्लो रिमा निदानी सहरको दृश्यावलोकन, एउटा इमा सङ्ग्रहालय जहाँ ८० हजार जति विभिन्न भाषाका पुस्तकहरू रहेको पुस्तकालय, खनिज पदार्थहरूको सो केस, फिनल्यान्डमा पाइने विभिन्न थरीका चराहरूको नमूना अवलोकन, स्कन्दनिकावियाको र फिनल्यान्ड भ्रमण, सोभियत रूसको इलाकासम्म फैलिएको सेना सेफ भ्रमण गरी सम्पन्न गर्नुभयो ।

यस पुस्तकको अर्को पक्ष अङ्ग्रेजी भाषामा लेखिएका निम्न विभिन्न शीर्षकका पाँच लेखहरू छन् :

१) The land of the himalayas and the land of the midnight sun यो लेख आफू श्री ५ को सरकार, नेपाल पर्यटन विभागको सूचना विभागको सूचना अफिसरको हैसियतले फिनल्याण्डको परराष्ट्र विभागमा प्रस्तुत गर्नुभएको रहेछ ।

अर्को लेख

Nepalese UN Scholar interested in Tourism in Scanadinavia (1) Language Problems, (2) Panchayat Democracy (3) Tourism is already imported to Nepal (4) The mountain of Sundal are only Hills of UN Fellow Dhatial from Nepal (5) Visitors from Far away area learning how to run hotel in thro...

अन्तमा यो पुस्तक नेपाली पाठकले पढ्नै पर्ने एउटा महत्त्वपूर्ण पुस्तकको रूपमा तयार गर्नुभएको छ । म स्वयम र श्री वासुदेव ढकालजी दुवै एउटै मन्त्रालय - तत्कालीन सामान्य प्रशासन मन्त्रालय, हरिहर भवनमा हाम्रो जागिरे जीवनमा दुवै उक्त मन्त्रालयको उपसचिवको पदमा रही काम गरेका सहकर्मी, एक मित्रको हैसियतले ढकालजीले यो यात्रा सम्बन्धी पुस्तक तयार गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

विश्व

विश्वमा हतियार नियन्त्रणको बहस

विष्णु भट्टराई

उत्तर कोरियाले पछिल्लोपटक ३ सेप्टेम्बर २०१७ मा छैठौं परमाणु बमको रूपमा हाइड्रोजन बमको सफल परीक्षण गरेको थियो भने नोभेम्बर महिनामा सफल परीक्षण गरेको ह्वासोङ-१५ क्षेप्यास्त्रले अमेरिकाको मुख्य भूमिसम्म मार हान्नुका साथै परमाणु बम लिएर जान सक्ने बताएपछि अमेरिका आक्रोशित भएको थियो। त्यसअघि अमेरिकाको नियन्त्रणमा रहेको गुआम टापुमा उत्तर कोरियाले आक्रमण गर्ने हल्ला चलेपछि त्यस क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको थियो।

पछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबीच सिंगापुर र भियतनाममा २ पटक प्रत्यक्ष वार्ता भएपछि उत्तर कोरियाले आफ्नो आणविक परीक्षण कार्यक्रमलाई स्थगित गरेको थियो। उत्तर कोरियाली नेताले कोरियामाथि लगाइएको अमेरिकी नाकाबन्दी हटाइए मात्र आणविक परीक्षण कार्यक्रम त्याग गर्ने बताएका थिए। तर अमेरिकी राष्ट्रपति ट्रम्पले नाकाबन्दी हटाउनेबारे कुनै पहल गरेनन्। अमेरिकालाई विश्वासमा लिन उत्तर कोरियाले केही आणविक भट्टीहरूलाई ध्वस्त समेत गरायो। तर पनि अमेरिकाले नाकाबन्दी हटाएन। अझै अघि बढेर संयुक्त राष्ट्र संघले नै अमेरिकालाई साथ दिँदै उत्तर कोरियामाथिको नाकाबन्दीलाई थप सशक्त बनायो। यसबाट आक्रोशित बनेको उत्तर कोरियाले पुनः आणविक हतियारको परीक्षणलाई तीव्रता दिन थाल्यो। केही अघि मात्रै उत्तर कोरियाले छोटो र लामो दूरीका क्षेप्यास्त्रहरूको सफलतापूर्वक परीक्षण गरिसकेको छ। आणविक परीक्षणको कार्यक्रमलाई उत्तर कोरियाले अझ तीव्रता दिइरहेको छ। उता अमेरिकाले दक्षिण कोरियासँग मिलेर संयुक्त सैनिक अभ्यास गर्दै कोरियाली प्रायद्विपमा विनाशकारी हतियारहरूको थुप्रो लगाइरहेको छ।

सन् २००३ मा इराकले आणविक हतियारको विकास गरेको भन्दै अमेरिका र बेलायतले गरको आक्रमणपछि सुरु भएको अस्थिरता अझै पनि जारी छ। यसैगरी सिरियाले घातक रासायनिक हतियारको प्रयोग गरेको भन्दै अमेरिकासहितका पश्चिमा राष्ट्रले सिरियाली सेनाका शिविरहरूमा क्षेप्यास्त्र हमला गरेका थिए। दोस्रो विश्वयुद्धपछि सुरु भएको शीतयुद्धका कारण सोभियत संघ पक्षधर साम्यवादी खेमा र अमेरिका पक्षधर पुँजीवादी खेमाबीच सेना र हतियारमाथि लगानी गर्ने होड नै चल्यो। जसको नेतृत्व सोभियत संघ र अमेरिकाले नै गरेका थिए। सोभियत संघको विघटन र शीतयुद्धको अन्त्यपछि सबैभन्दा बढी गत वर्ष सन् २०१७ मा विश्वमा १ हजार ७ सय अर्ब डलर कुल सैन्य खर्च भएको रिपोर्ट सार्वजनिक भएको छ।

यो रकम गत सन् २०१६ को सैन्य खर्चको तुलनामा १ दशमलव १ प्रतिशतले बढी हो। यसमा अमेरिकाले मात्रै ६ सय १० अर्ब डलर आफ्नो देशको सेनाका लागि खर्च गरेको छ भने चीनले गत वर्ष २२८ अर्ब डलर र रुसले ६६ दशमलव ३ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको छ। चीनको सैन्य खर्चमा ५ दशमलव ६ प्रतिशतले बढाएको भए पनि कुल गार्हस्थ्य उत्पादनको १ दशमलव ९ प्रतिशत मात्रै हो भने रुसले सन् २०१६ को तुलनामा करिब २० प्रतिशतले कम सैन्य क्षेत्रमा खर्च गरेको हो। यद्यपि उनीहरूको कुल गार्हस्थ्य उत्पादनका हिसाबले सैन्य क्षेत्रमा गरेको यो ठूलो लगानी हो। यसबाट संसारका आर्थिक शक्ति राष्ट्रले सेनामा सबैभन्दा अधिक खर्च गर्ने गरेको प्रष्टिएको छ। तर देशको जीडीपी अर्थात् कुल गार्हस्थ्य उत्पादनका आधारमा सेनामा खर्च गर्ने राष्ट्रको सूचीमा यी तीन राष्ट्र शीर्ष स्थानमा भने पर्दैनन्। संसारभरका राष्ट्रको सैन्य खर्चमाथि नजर राख्ने संस्था स्टकहोम इन्टरनेसनल पीस रिसर्च इन्स्टिट्युट (सीप्री) को रिपोर्टअनुसार सन् २०१७ मा अमेरिकाले आफ्नो कुल गार्हस्थ्य उत्पादनको केबल ३ दशमलव १ प्रतिशत हिस्सा आफ्नो सेनामा खर्च गरेको थियो। चीन र रुसको कुरा गर्ने हो भने चीनले आफ्नो जीडीपीको १ दशमलव ९ प्रतिशत र रुसले ४ दशमलव ३ प्रतिशत हिस्सा सैन्य क्षेत्रमा खर्चिएका छन्।

ओमान कुल गार्हस्थ्य उत्पादनका हिसाबले सैन्य क्षेत्रमा लगानी गर्ने पहिलो राष्ट्र हो। इरान, साउदी अरब र यमनको छिमेकी मुलुक ओमानले पछिल्लो एक दशकदेखि आफ्नो सैन्य खर्चमा लगातार वृद्धि गरिरहेको छ। यसरी सैन्य क्षेत्रमा खर्च वृद्धि गर्दै जाँदा ओमान आफ्नो आयको सबैभन्दा ठूलो हिस्सा सेनामा खर्च गर्ने देश बनेको हो। सन् २०१७ मा ओमानले ८ दशमलव ६८६ अर्ब डलर अर्थात् जीडीपीको १२ प्रतिशत रकम सेनाका लागि खर्च गरेको छ।

साउदी अरबले गत वर्ष ६९ दशमलव ४१३ अर्ब डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत हिस्सा सैन्य क्षेत्रमा खर्च गरेको छ। गत वर्ष नै साउदी अरबसहितका राष्ट्र र कतारबीच तनाव चुलिएको थियो भने सन् २०१५ देखि साउदी अरबले यमनमा हुथी विद्रोहीविरुद्धको लडाइँको नेतृत्व गरिरहेको छ। इरानको समर्थनप्राप्त हुथी विद्रोहीविरुद्धको कारबाही अझै जारी रहेको छ। सिरियामा आतंकवादी समूह इस्लामिक स्टेट्स (आईएस) विरुद्धको कारबाहीमा पनि साउदी अरब सामेल छ। साउदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भ्रमणका समयमा ठूलो मात्रामा हतियार किन्ने सम्झौता गरेको थियो।

आफ्नो जीडीपीको ६ दशमलव २ प्रतिशत हिस्सा सेनामाथि खर्च गरेर प्रजातान्त्रिक गणतन्त्र कंगो पनि यो सूचीको तेस्रो स्थानमा छ। कंगोले सन् २०१७ मा कुल शून्य दशमलव ४८४ अर्ब डलर आफ्नो सेनामा खर्च गरेको छ। कंगो देशभित्र नै हिंसाको सामना गरिरहेको छ। राष्ट्रपति डेनी सालो न्गुसो करिब तीन दशकदेखि सत्तामा रहेका छन्। त्यसअघि उनी सेनामा रहेका थिए।

१७ हजार ८१८ वर्गकिलोमिटर क्षेत्रफल रहेको कुवेतको जनसंख्या करिब ३० लाख रहेको छ। साउदी अर्ब, इरान र इराकले घेरिएको यो सानो देश संवैधानिक राजतन्त्रात्मक देश हो। यहाँ अमेरिकी सेनाका केही अड्डा रहेका छन्। जो चरमपन्थी इस्लामिक संगठन आईएसविरुद्ध लडिरेको सेनाको हिस्सा पनि हो। सन् २०१७ मा कुवेतले आफ्नो सेनाका लागि ६ दशमलव ८३१ अर्ब डलर खर्च गरेको थियो।

अल्जेरिया कुनै समयमा फ्रान्सको उपनिवेश थियो। स्वतन्त्रताको लामो लडाइँ पनि सन् १९६२ मा अल्जेरिया स्वतन्त्र भए पनि देशभित्र हिंसाको अन्त्य भएन। हिंसाको एउटा प्रमुख कारण धार्मिक र समाजभित्र रहेका 'आजाद ख्याल' समुदायबीचको तनाव थियो। सन् १९९२ मा सैन्य सरकार भएको

अल्जेरिणमा बहुदलीय निर्वाचनलाई रद्द गरिएको थियो। त्यसपछि सन् १९९२ देखि १९९८ को बीचमा देशमा चलेको हिंसात्मक संघर्षका कारण लाखभन्दा बढी मानिसको मृत्यु भयो। त्यसयता अल्जेरियामा इस्लामिक चरमपन्थीहरूको संख्या ह्वात्तै बढेको हो। सीप्रीका अनुसार अल्जेरियाले सन् २०१७ मा आफ्नो सेनाका लागि १० दशमलव शून्य ७३ अर्ब डलर खर्च गरेको थियो।

एक द्विप समूहराष्ट्र बहराइनमा सुन्नी रानाको शासन रहेको छ भने सेनाको उच्च पदमा पनि राजवंशका परिवारका सदस्यहरू रहने गर्छन्। तर, बहराइनका १४ लाख नागरिक शिया मुस्लिम हुन्। शिया बहुल समाज बहराइनमा हुने तनावको प्रमुख कारण पनि हो। सन् २०११ मा अरब वसन्तका क्रममा यहाँ प्रदर्शनकारीले सरकारमा अधिक सहभागिताको माग गरेका थिए। यस क्रममा प्रदर्शनकारीमाथि नियन्त्रण गर्नका लागि गल्फ को-अपरेसन काउन्सिलका सशस्त्र बल तैनाथ गरिएको थियो। सन् २०१७ मा बहराइनले १ दशमलव ३९६ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको थियो। जुन प्रतिव्यक्ति ९३६ डलर हो र जीडीपीको ४ दशमलव १ प्रतिशत हुन्छ।

लेबनान मध्यपूर्वका ती ६ देशमा पर्छ, जोसँग सबैभन्दा बढी सैन्य खरखजाना रहेका छन्। सन् १९७५ देखि १९९० को बीचमा लेबनान लामो गृहयुद्धमा फस्यो। यसपछि देशमा ठूलो मतभेद पैदा भयो। यसको घरेलु र विदेश नीतिमाथि उसका छिमेकी सिरिया र इस्लामिक समूह हिजबुल्लाहको ठूलो प्रभाव रहन पुग्यो। सन् २०१७ मा लेबनानले २ दशमलव ४११ अर्ब डलर रकम आफ्नो सेनाका लागि खर्च गरेको छ।

सन् १९९७ मा रुसले आफ्नो जीडीपीको ४ दशमलव ३ प्रतिशत हिस्सा सेनामाथि खर्च गरेको थियो। तर, सन् १९९८ मा उसले यो खर्च कम गऱ्यो र जीडीपीको ३ प्रतिशत मात्रै सेनालाई दियो। यसपछि सेनामाथि रुसको खर्च हरेक वर्ष थोरै थोरै बढिरहेको छ र सन् २०१६ सम्म यो जीडीपीको ५ दशमलव ५ प्रतिशत भएको छ। तर, सन् २०१७ मा यसमा पुनः कटौती गरेर ४ दशमलव ३ प्रतिशत बनाइएको छ। सीप्रीका मुख्य जाँचकर्ता सिमोन भेजमेनका अनुसार रुस सन् २०१४ पछि आर्थिक समस्यासँग जुधिरहेको छ।

सन् १९४९ मा जोर्डन स्वतन्त्र भएपनि त्यसयतादेखि नै जोर्डनमा विभिन्न प्रकारका संघर्ष चलिनै रहेका छन्। सन् १९६७ मा जोर्डनले इजरायलका विरुद्ध ६ दिने युद्ध गरेको थियो। जुन युद्धपछि आफ्नो वेस्ट बैंक र पूर्वी जेरुसेलममाथि आफ्नो नियन्त्रण गुमाएको थियो। सन् १९४८ मा भएको अरब इजरायल युद्धपछि यो इलाकामाथि जोर्डनको कब्जा थियो। सन् १९८४ मा जोर्डनले इजरायलसँग शान्ति सम्झौता गरे पनि हाल इस्लामिक आतंकवादी संगठनका कारण देशभित्र तनाव जारी रहेको छ। सन् २०१७ मा जोर्डनले १ दशमलव ९३९ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको थियो।

सन् १९४८ मा बनेको इजरायलको सम्बन्ध आफ्ना छिमेकी राष्ट्रसंघ सधैं तनावपूर्ण रहँदै आएको छ। यसको एकतर्फ सिरिया रहेको छ भने अर्कोतर्फ लेबनानको हिज्बुल्ला मिलिसिया रहेका छन्। जसलाई इरानको समर्थन प्राप्त छ। इरान सिरियाली सरकारलाई समर्थन गर्दछ। जो रुस र टर्कीसँग मिलेर आईएसविरुद्धको युद्धमा समेत सामेल छ। इजरायल सिरियामाथि अमेरिकी हमलाको समर्थन गर्दै बसर अल असद सरकारको विरोधमा छ। सन् २०१७ मा इजरायलले १६ दशमलव ४८९ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको छ।

शीतयुद्धको अन्त्यपछि पहिलोपटक सन् २०१७ मा विश्वमा सैन्य क्षेत्रमा १ हजार ७ सय अर्ब डलर खर्च भएको छ। यो सन् २०१६ को तुलनामा १ दशमलव १ प्रतिशतले बढी हो। सर्वाधिक सैन्य क्षेत्रमा खर्च गर्ने देशमा भारत पाँचौं नम्बरमा परेको छ। गत वर्ष भारतले ६३ दशमलव ९ अर्ब डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको २ दशमलव ५ प्रतिशत खर्च सैन्य क्षेत्रमा गरेको छ। भारतले सेनाका लागि आफ्नो जीडीपीको अहिलेसम्मको सबैभन्दा ठूलो हिस्सा अर्थात् ३ दशमलव ७ प्रतिशत सन् १९८८ मा खर्च गरेको थियो। सन् २००७ मा भारतले जीडीपीको २ दशमलव ३ प्रतिशत हिस्सा सेनाका लागि खर्च गरेको थियो भने सन् २०१५ बाहेक भारतले सन् २०१२ देखि २०१७ सम्म लगातार आफ्नो जीडीपीको २ दशमलव ५ प्रतिशत हिस्सा सेनामा खर्च गरेको छ। सन् २०१५ मा भने उसले २ दशमलव ४ प्रतिशत मात्रै सेनामा खर्च गरेको थियो। यसैगरी सैन्य क्षेत्रमा फ्रान्सले ५७ दशमलव ८, बेलायतले ४७ दशमलव २, जापानले ४५ दशमलव ४ अर्ब डलर खर्च गरेका छन्। जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, ब्राजिल, इटाली, क्यानडा र टर्की पनि सैन्य क्षेत्रमा ठूलो रकम खर्च गर्ने गरेका छन्। सैन्य खर्चबारे हुने विभिन्न अध्ययनहरूमा फरक तथ्यांक पाइने गरे पनि सबै रिपोर्टबाट सैन्य क्षेत्रमा खर्च वृद्धि भइरहेको देखिन्छ।

चीन क्षेत्रीय शक्तिको रूपमा मात्रै नभएर विश्वशक्तिका रूपमा स्थापित भइसकेको छ। चीनले पछिल्ला केही दशकदेखि गरेको तीव्र आर्थिक वृद्धिको प्रतिबिम्ब सैन्य क्षेत्रमा भएको आधुनिकीकरणमा देखिन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैनिक बजेटमा वृद्धि गरेका छन् भने कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा सैन्य क्षेत्रमा खर्च गर्ने १० मध्ये सात राष्ट्र मध्यपूर्व अर्थात् पश्चिम एसियाका देशहरू रहेका छन्। जीडीपीको सर्वाधिक हिस्सा सैन्य क्षेत्रमा खर्च गर्ने यो क्षेत्रका देशहरूमा ओमान, साउदी अरेबिया, कुवेत, जोर्डन, इजरायल र लेबनान रहेका छन्। यसले पश्चिम एसियाली राष्ट्रमा जारी तनावकै बीच सैन्य क्षेत्रमा लगानी वृद्धि भइरहेको देखिन्छ।

गत वर्षदेखि सुरु भएको रुस–युक्रेन युद्धमा अत्याधुनिक हतियारहरूको प्रयोग भइरहेको छ। रुस हतियारमा अमेरिकापछि दोस्रो ठूलो देश मानिन्छ। युक्रेनमा उसले प्रयोग गरेका अत्याधुनिक मिसाइलहरू उ आफैले निर्माण गरेको हो। तर युक्रेनले रुसको जवाफी कारबाहीका लागि अमेरिका लगायत युरोपेली देशहरूसँग लाखौं डलरबराबरका हतियारहरू खरिद गरेको थियो। खरिद गरेका हतियार सिद्धिएपछि युक्रेनी राष्ट्रपति भोलिद्मिर जेलेनेस्की अमेरिका र नेटो सम्बद्ध राष्ट्रहरूसँग हतियारका लागि हार गुहार गरिरहेका छन्। हतियारकै कारण रुस युक्रेन युद्ध कहिले सकिने हो कसैले पनि बताउन सक्दैनन्। अमेरिका दुनियाँमा विभिन्न बहानामा युद्ध चर्काएर आफ्ना हतियारहरू बेच्न माहिर छ। यतिबेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिकाको राजकीय भ्रमणमा छन्। उनको भ्रमणको मुख्य उद्देश्य पनि लामो दूरीका अमेरिकी मिसाइलहरू र तोपहरू खरिद गर्नु रहेको बताइन्छ।

(एजेन्सीहरूको सहयोगमा)

मणिपुरमा जातीय आरक्षणले हिंसात्मक द्वन्द्व

भारतको पूर्वोत्तर राज्य मणिपुरमा डेढ महिनादेखि हिंसा चर्किएको छ। जातीय आरक्षणको माग र त्यसको विरोधका कारण स्थानीय दुई जातिबीच हिंसा भड्किएको हो। मणिपुरका विभिन्न क्षेत्रमा महिनौंदेखि कर्फ्यु जारी छ। मोबाइल फोन तथा इन्टरेनट सेवा अवरुद्ध पारिएका छन्।

रिपोर्टहरूका अनुसार हिंसामा एक सयभन्दा बढीले ज्यान गुमाएका छन्। सयौं घाइते छन्। ५० हजार मानिस आश्रयस्थलहरूमा बसेका छन्। हिंसा र आगजनीले ठूलो धनजनको क्षति भएको छ। मे ३ देखि मणिपुरका विभिन्न क्षेत्रमा हिंसा चर्किएको हो। मणिपुरमा मैतेई र कुकी समुदायको बाहुल्य छ। नागा समुदाय पनि छ। कुकी र नागा जनजाति समुदायका हुन्। उनीहरूलाई सरकारी सेवा तथा जमिनको हकमा विशेष आरक्षण तथा सुविधा प्राप्त छ। उनीहरूको पकड मणिपुरको पहाडी क्षेत्रमा छ। कुकी र नागा इसाई धर्मावलम्बी हुन्।

त्यस्तै, अर्को समुदाय हो, मैतेई। उनीहरू बहुसंख्यक हिन्दु छन्। मणिपुरको ३० लाख जनसंख्यामा उनीहरूको उपस्थिति ५० प्रतिशतभन्दा बढी छ। उनीहरूको मुख्य बसोबासको क्षेत्र मणिपुरको राजधानी इम्फाल र त्यसको आसपास छ। मैतेई समुदायले जनजाति समुदायमा सूचीकृत गर्नुपर्ने माग गर्दै आएको छ।

जमिनमाथि विशेष हक भएको कुकीको

बसोबास क्षेत्रमा मैतेईले जग्गा किन्न पाउँदैनन्। मैतेईले आरक्षणको माग गरेको धेरै वर्ष भइसकेको छ। त्यसका लागि उनीहरू संघर्ष गर्दै आएका छन्। गत महिना मणिपुर उच्च अदालतले मैतेई समुदायलाई राहत पुग्ने एउटा आदेश दिएको छ। अदालतले मैतेई समुदायलाई अनुसूचित जनजाति श्रेणीमा सहभागी गर्ने अनुरोधमाथि विचार गर्न र त्यसबारे केन्द्र सरकारसमक्ष आवश्यक सिफारिस गर्न राज्य सरकारलाई आदेश दिएको हो।

मिडिया रिपोर्टहरूका अनुसार अदालतको उक्त आदेशको विरोधमा कुकी समुदाय उत्रिएपछि हिंसा बढ्दै गएको हो। मैतेई समुदायले अरक्षण पाएको खण्डमा सबैतिर उनीहरूकै बाहुल्य हुने कुकी समुदायको बुझाइ छ। अदालतको आदेशको विरोधमा मे ३ मा अल ट्राइवल स्टुडेन्ट्स युनियनले आदिवासी एकजुटता च्याली गरेको थियो। त्यही च्याली हिंसात्मक भएयता सुरु भएको द्वन्द्व थामिएको छैन। मणिपुरमा ३० प्रतिशत जनसंख्या कुकी समुदायको हो। र, उनीहरू ९० प्रतिशत हिस्सामा बसोबास गर्छन्। पहाडी क्षेत्र सबै उनीहरूको पकडमा छ। तर, राजनीति र सत्तामा मैतेई समुदायको राम्रो पकड छ। मणिपुरको ६० जना विधायकमा ४० मैतेई तथा बाँकी कुकी र नागा समुदायका छन्।

आरक्षण अधिकारको माग र त्यसको विरोधमा सुरु भएको आन्दोलनले धार्मिक तथा सामुदायिक रूप लिएको छ। मैतेई र कुकी समुदायबीच हिंसात्मक लडाइँ चर्किएको छ। सैनिक र अर्द्धसैनिक बलले पनि स्थितिलाई नियन्त्रणमा लिन सफल भइसकेका छैनन्। उल्टै सुरक्षा बलसँग पनि झडपहरू भएका छन्। कतिपय क्षेत्रमा सुरक्षाकर्मीको प्रवेशमा पनि हतियारधारी समुदायले रोक लगाएका छन्।

बीबीसीका अनुसार हिंसात्मक द्वन्द्वले धार्मिक रूप लिँदा एकअर्का समुदायले २ सय ५० भन्दा बढी चर्च र त्यति नै संख्यामा मन्दिर भत्काएका छन्। पछिल्ला दिनमा भारतीय जनता पार्टीका नेताको घर पनि निसानामा परेका छन्। केन्द्रीय विदेश राज्यमन्त्री आर के रञ्जन सिंह, विधायक विश्वजित र भाजपा नेतृ शारदा देवीको घरमा तोडफोड र आगजनी गरिएका छन्। मणिपुरमा भाजपाको सरकार छ। एन. विरेन सिंह मुख्यमन्त्री छन्।

विपक्षी दलहरूले भाजपाको 'डबल इन्जिन' (केन्द्र र प्रदेशमा एकै पार्टीको सरकार) सरकारको थ्यौरी फेल भएको आरोप लगाएका छन्। भाजपाले केन्द्र र प्रदेशमा एउटै दलको सरकार हुँदा राम्ररी काम गर्न सकिने भन्दै प्रदेशको चुनावमा भोट बटुल्दै आएको छ। शिव सेनाका नेता तथा महराष्ट्रका पूर्वमुख्यमन्त्री उद्धव ठाकरेले मणिपुरलाई देखाउँदै डबल इन्जिनको नाराले काम नगरेको भनेका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीसँग रुस र युक्रेनको युद्ध रोकेर शान्ति ल्याउन सक्ने क्षमता भएको प्रचार गरिए पनि मणिपुरमा त्यो किन नभएको भन्दै उनले मोदीमाथि प्रश्न उठाएका छन्। 'मणिपुरमा हिंसा रोकिनुपर्थ्यो, त्यहाँ शान्ति बहाल भएपछि मात्र रुस र युक्रेनको सम्बन्धमा मोदीजीको विषयमा प्रचारित दाबीमाथि विश्वास गर्न सकिन्छ,' उनले भनेका छन्, 'मणिपुर जलिरहेका बेला उनी अमेरिका किन जाँदै छन्?' मोदी राजकीय भ्रमणका लागि मंगलबार अमेरिका प्रस्थान गरेका छन्।

कंग्रेस नेता राहुल गान्धीले पनि मणिपुरको सन्दर्भमा प्रधानमन्त्रीको मौनतामाथि प्रश्न उठाएका छन्। उनले भाजपाको घृणाको राजनीतिले मणिपुर ४० दिनभन्दा बढी समयदेखि जल्दै आएको आरोप लगाएका छन्। प्रधानमन्त्री फेल भइसकेको र चुप लागेर बसेको उनको टिप्पणी छ। यस्तै, दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालले पनि मणिपुरको स्थिति पूरै देशका लागि चिन्ताको विषय रहेको र शान्तिका लागि धेरै कुरा गर्न आवश्यक रहेको बताएका छन्।

प्रेरक

दृढ अठोटको परिणाम

यो घटना १८९२-९३ तिरको हो । लाहोर कलेजमा स्नातक तहमा एक गरिब विद्यार्थी पढ्थे । गरिब भए पनि उनी पढाइमा भने निकै तेज थिए । एकपटक अर्को एक छात्रले ती गरिब विद्यार्थीलाई हेप्ने उद्देश्यले होच्याउँदै भने- ब्राह्मण भएर तिमी संस्कृतको साटो फारसी पढ्दै छौ । यो कति लाजमर्दो कुरा हो भन त ।'

साथीको यस भनाइले ती विद्यार्थीलाई चसक्क बिझायो । उनले संकल्प गरे एक न एक दिन म अवश्यै संस्कृत भाषा र साहित्यको राम्रो ज्ञान हासिल गरेरै छोड्नेछु । तत्काल उनले केही भनेनन् । उनले मुखले बोलेर प्रतिवाद गर्नुभन्दा पनि कामले नै त्यो पुष्टि गरेर देखाउने अठोट गरे । उनी छिटोभन्दा छिटो संस्कृतको मूलभूत जानकारी प्राप्त गर्न चाहन्थे । त्यसैले उनले संस्कृतका एकजना अध्यापकसँग गएर आफ्नो चाहना व्यक्त गरे । उनी सोही वर्षको संस्कृत भाषाको स्नातक तहको परीक्षामा सम्मिलित हुन चाहन्थे । उनको चाहना बुझेपछि पहिले ती अध्यापक मुसुक्क मुस्कुराए । भने- रहर गर्नु त ठिकै हो तर संस्कृत पढ्दै नपढेको विद्यार्थीले एकैपटक स्नातक तहको संस्कृतको परीक्षा कसरी दिन सक्छौ ?

अध्यापकको रुखो जवाफपछि उनी निराश भएनन् । उनी आफ्ना बाबु, साथीहरू र कक्षामा जान्ने विद्यार्थीको सम्पर्कमा रहेर संस्कृत अध्ययनमा जुटे । त्यसको तीन महिनापछि उनी पुनः तिनै अध्यापककोमा पुगे । त्यहाँ पुगेपछि उनले संस्कृतको परीक्षा दिने अवसर मिलाइदिनका लागि अनुरोध गरे । उनको क्षमता जाँच्ने अभिप्रायले अध्यापकले प्रश्न सोध्दा उनले भटाभट सबै प्रश्नको उत्तर सजिलै दिए ।

दृढ निश्चयी यी विद्यार्थी भारतीय सभ्यता र संस्कृतिका अमूल्य रत्न रामतीर्थ थिए जसले स्नातकको सो परीक्षामा विश्वविद्यालय भरिमै पहिलो स्थान प्राप्त गरे ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ । अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । आवेशको व्यवहार र सानो असमझदारीले आफन्तजन टाढिन सक्छन् । रोकिएका काम बनाउन दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

वृष

कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् । अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

मिथुन

तार्किक क्षमता बढ्नेछ भने बुद्धिको माध्यमले लक्ष्यमा पुर्याउन सक्छ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । सहयोगीहरूले साथ दिने हुँदा रोकिएका काम पनि सम्पादन हुनेछन् । मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ । व्यापार व्यवसायमा लगानी त्यति सन्तोषजनक देखिँदैन । पारिवारिक सुख मिल्नेछ ।

कर्कट

रमाइलो दिन छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुने समय छ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । नयाँ कामको प्रस्ताव आउनेछ । तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् । मनमा चिन्ताले सताइरहनेछ ।

सिंह

आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ । पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ । छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला । सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ ।

कन्या

आम्दानीका स्रोत भेटिए पनि धेरै फाइदा उठाउन नसकिएला । केही रकम हातलागी भए पनि तत्काल खर्चनुपर्ने स्थिति आउन सक्छ । श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । दैनिक आवश्यकता पूरा हुनेछन् र मिहिनेतको मूल्यांकन हुनेछ । दिगो कामको जिम्मेवारी प्राप्त हुनेछ ।

तुला

नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । व्यवसायमा पनि फाइदै हुनेछ । कर्मयोगले मानसम्मान समेत दिलाउनेछ । मानसिक तनाव सधैं बढिरहनाले मन बेचैन रहनेछ ।

वृश्चिक

चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ने हुनसक्छ । पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ । स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला । सामाजिक कामको जिम्मेवारी प्राप्त हुने समय छ । मनोरन्जनमा ध्यान जानेछ ।

धनु

अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ । चिताएको काम बिग्रनाले निराशा छाउनेछ । गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ । फजुल खर्च बढ्ने र लेनदेनमा पनि नोक्सान पुग्ने देखिन्छ । परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ ।

मकर

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । अर्थअभावले सताउन सक्छ । लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला । यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउने समय छ । वादविवादले घर-गृहस्थीमा समस्या निम्त्याउन सक्छ । प्रयत्न गर्दा पहिलेका कमजोरीलाई सुधार्ने मौका भने पाइनेछ ।

कुम्भ

चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ । समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ । प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ ।

मीन

प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । अध्ययनमा समय दिन नसकिएला । अरूका काममा चासो लिँदा झमेला बेहोर्नुपर्ला । तापनि पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । नतिजा कमजोर देखिनाले काम भने दोहोर्याउनुपर्ला । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । यात्राको साइत जुर्न सक्छ । वैवाहिक जीवनमा बाँधिन योग प्रबल छ । मनोरन्जनमा दिन बित्नेछ ।

देशभरि भारतीय चलचित्र बन्द

काठमाडौं । भारतीय चलचित्र 'आदिपुरुष' मा समावेश रहेको भनिएको विवादास्पद संवादबारे विवाद चर्कँदै जाँदा हाल 'देशैभर उक्त चलचित्र प्रदर्शन रोकिएको' उक्त चलचित्रका नेपालका वितरकले बीबीसीलाई बताएका छन् ।

काठमाण्डू र पोखरा महानगरपालिकाले घोषित रूपमै आदिपुरुषसहित सबै हिन्दी चलचित्रको प्रदर्शनमा रोक लगाएका छन् । धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ राईले पनि आदिपुरुषको प्रदर्शनमा रोक लगाएको घोषणा गरेका छन् ।

शान्ति सुरक्षाका कारण 'देशभरिका सिनेमाघर सञ्चालकहरूले उक्त चलचित्र प्रदर्शन नगरेको' वितरक मनोज राठी बताउँछन् । उनको कम्पनी व्यंकटेश ईन्टरटेनमेन्टले नेपालमा आदिपुरुष वितरणको अधिकार लिएको थियो ।

"कुनै त्यस्तो चिठी नआउँदै (निर्देशन दिएका स्थानीय तहबाट) सिनेमाघर सञ्चालकहरूले बन्द गरे । पक्कै शान्ति सुरक्षाको कुरा भयो होला," सिनेमाघर सञ्चालक तथा निर्मातासमेत रहेका राठीले भने । तर नेपालमा सबैभन्दा धेरै सिनेमा देखाउने पर्दा रहेको क्यूएफएक्स सिनेमाजले भने आदिपुरुषका वितरकले नै चलचित्र उपलब्ध नगराएकाले प्रदर्शन रोक लगाइएका सहर बाहेकका स्थानमा पनि उक्त चलचित्र प्रदर्शन नगरिएको जनाएको छ ।

महँगो मूल्य तिरेर वितरण अधिकार खरिद गरिएको भनिएको आदिपुरुष चलचित्रको 'मूल्य' शून्य बराबरमा पुगेको वितरक राठी बताउँछन् । तर उक्त चलचित्र कति मूल्यमा खरिद गरिएको थियो भन्ने कुरा भने उनले खुलाउन चाहेनन् । जानकारहरूका अनुसार नेपालमा व्यापक चर्चा भएका आदिपुरुष जस्ता चलचित्रले झन्डै १६ - १७ करोडको हाराहारीमा ग्रस (कुल) कमाइ गर्ने अनुमान गरिन्छ ।

आदिपुरुषको हकमा गत बिहीवार काठमाण्डू महानगरपालिकाका मेयरले सामाजिक सञ्जालमा स्टेटस पोस्ट गरेसँगै शुक्रवार बिहानैबाट काठमाण्डूका हलहरूमा चलचित्रको शो स्थगित हुन थालेको थियो । जुन क्रम शनिवार पनि जारी रह्यो ।

काठमाण्डू महानगरका प्रमुख बालेन्द्र शाह 'बालेन'ले उक्त चलचित्रको एउटा विवादास्पद संवाद नहटाए काठमाण्डूका सिनेमाघरहरूमा कुनै पनि हिन्दी फिल्म प्रदर्शन गर्नमा रोक लगाउने घोषणा गरेका थिए ।

आदिपुरुषमा समावेश भएको जानकी भारतीय छोरी हुन् भन्ने 'आपत्तिजनक सन्देश' चलचित्रको मूल भागबाटै हटाउन महानगरका मेयरले आह्वान गरेका थिए । उक्त संवाद सच्याउन तीन दिनको म्याद दिइएको थियो ।

अझ नयाँ चलचित्र प्रदर्शनमा आउँदा पहिलो शुक्रवार र शनिवारको व्यापार झन् महत्वपूर्ण मानिन्छ । "आदिपुरुषबाट पहिलो सप्ताहान्त नेपालभरबाट पाँच करोड कुल आम्दानी गर्ने आकलन थियो । भारत र अन्यत्रको अवस्था हेर्दा त्यति हुनुपर्ने हो । तर हाम्रो यहाँ एकदमै खराब अवस्था भयो," राठीले भने । त्यसमा काठमाण्डू उपत्यकाबाट मात्र झन्डै ७० प्रतिशत कमाइ हुने अपेक्षा गरिएको उनी बताउँछन् । नेपालमा सर्वाधिक व्यापार गर्ने हिन्दी चलचित्रमा बाहुबलीको दोस्रो भाग, केजीएफको दोस्रो भाग, आरआरआर र पठान रहेको व्यवसायीहरू बताउँछन् ।

आदिपुरुष अघि विक्की कौशल र सारा अलि खानले अभिनय गरेको बलिउड चलचित्र 'जरा हट्के जरा बच्के' नेपालमा प्रदर्शन भइरहेको थियो ।

हिन्दी चलचित्र माथि विभिन्न स्थानमा रोक लगाइएसँगै दिनको एक दुई शो चलाइराखिएको उक्त चलचित्र पनि हाल प्रदर्शन भइरहेको छैन । तर रोक लगाइएका बाहेकका स्थानमा सुरक्षा चुनौती र घट्दो व्यापारका कारण अन्य भारतीय चलचित्र प्रदर्शन नगरिएको बुझिएको छ । हालको परिस्थिति हेरेर आफूले भविष्यमा ल्याउने तयारी गरेको चलचित्र पनि रोकिने अवस्था उत्पन्न भएको राठी बताउँछन् ।

"अब मैले कसरी काम गर्ने, भोलि ठूलो चलचित्र ल्याउँदा यस्तै स्थिति हुँदैन भनेर कसरी ढुक्क हुने?अहिले एक जना मेयरले गर्दा सबै बन्द भयो । भोलि अर्को कसैले भन्ला, पार्टीले भन्ला । हामीले कुन आधारमा चलचित्र ल्याउने?," उनले भने ।

"भारतमा सेन्सर भएको हुन्छ त्यसपछि नेपालमा हुने हो । विश्वव्यापी प्रक्रिया यही हो । सेन्सरले पास गरेपछि अरू कसैको त अधिकार चल्ने कुरा छैन । तर यहाँ त यो अन्योल बुझ्नै नसकिने खालको छ ।"

नेपालमा चलचित्र प्रदर्शनलाई अनुमति दिनुअघि सेन्सर बोर्डका अधिकारीहरूले हेर्ने गर्छन् । बोर्डका सदस्य ऋषिराज आचार्यले आदिपुरुष चलचित्र बुधवार हेरेर वितरकहरूलाई जानकी भारतकी छोरी भन्ने संवाद काटेपछि मात्रै प्रदर्शनको अनुमति दिन सकिने जानकारी गराइएको बीबीसीलाई गत साता बताएका थिए ।

उक्त संवाद काटेर बिहीवार ल्याएपछि नेपालमा चलचित्र प्रदर्शनको अनुमति दिइएको आचार्य बताउँछन् । तर त्यसपछि पनि चलचित्र प्रदर्शनमा रोक लगाइनु र सबै हिन्दी चलचित्र प्रदर्शन गर्न नदिइनुलाई सिनेमाघर सञ्चालकहरूले आलोचना गरेका छन् । अहिले देशैभरका सिनेमाघरहरूमा नेपाली र अङ्गेजी भाषाका चलचित्र प्रदर्शन भइरहेका छन् । नेपाली चलचित्र जारी वैशाखको पहिलो साताबाट प्रदर्शन भइरहेको छ भने अर्को नेपाली चलचित्र नीरफूल जेठको अन्तिम साताबाट चलिरहेको छ ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Woe = गहिरो सहन नसकिने वेदना वा दुख At his mother's demise, he passed many days with woe आमाको मृत्युमा उस्ले धेरै दिन सम्म दुखित भएर वितायो ।

Artless = छक्का पंजा गर्न नजान्ने, पूर्वाग्रह विना He is expert in making artless comment उ विना पूर्वाग्रह टिप्पणी गर्दछ ।

Brevity = छोटोपन When you send a telegram, brevity is essential because you have to pay for every word यदि तिमी टेलिग्राम पठाउदैछौ भने छोटकरी गर्नु आवश्यक छ किनकी तिमिले हरेक शब्दको लागि पैसा तिर्नु पर्दछ ।

Craven = कातरपूर्ण His craven refusal to join the protest was criticized by all जुलुसमा भाग नलिने उस्को कातरपूर्ण नकारोक्तिको सबैद्वारा आलोचित भयो ।

Dissemble = वाहाना वनाउनु, छक्याउनु Although he dissembled his motive to go to tuition was to study, all knew that he went there because his girl friend was there ट्यूसनमा जाने भनेर उस्ले सबैलाई छक्याएता पनि उस्को केटी साथी त्यहा भएको हुनाले ऊ त्यहा गएको हो भन्ने सबैले थाहापाए ।

Extrovert = वहिरमुखी Extroverts always prefer to lively conversation and establish contact with others वहिरमूखीहरू छलफल गर्न र अरूहरूसंग संम्पर्क स्थापित गर्न मनपराउदछन् ।

Fritter = खेराफाल्नु As he has nothing to do, he fritters away his time in idle conversation उस्को गर्ने काम केही नभएको हुंदा उ आफ्नो समय अल्छि लाग्दो कुरा गरेर विताउदछ ।

Gratify = खुसी पार्नु His success in the job gratified his parents very much उस्ले जागिरमा पाएको सफलताले उस्को वावुआमालाई निकै खुसी तुल्यायो ।

Hireling = कामदार I do not want to deal with hirelings rather directly with chiefs म कामदारहरूसंग नभै सिधै हाकिमसंग कामको छिन्नोफानो गर्न चहान्छु ।

Innocuous = हानी नगर्ने A glass of wine with dinner is always innocuous and thus has no ill effect वेलुकाको खानासंगको एक गिलास रक्सीले कुनै हानी गर्दैन ।

Do बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Do somebody out of something = कसैलाई केही कुराबाट हटाउनु The company did her out of promotion कंपनीले तिन्लाई बढुवा हुनुबाट हटायो ।

Do somebody over कडा आक्रमण गर्नु वा पिटनु A gang of thugs did him over ठगहरूको एक समूहले उस्लाई नराम्ररी पिटेछन् ।

Do something over = जिर्णोध्दार गर्नु । मर्मत गर्नु । पुन रंगरोगन We are thinking to do over the entire house paintings हामीले पुरै घरलाई पुन रंगरोगन गर्ने कुरा सोचीरहेका छौ ।

Do something to somebody = केहि कुराले कसैलाई आर्कर्षित गर्नु Her voice really does a lot to me उन्को आवाजले मलाई निकै आर्कषित गर्छ ।

Do something to something = केही कुरालाई केही गर्नु We have done a big financial contribution to this school हामीले यो विद्यालयलाई ठूलै आर्थिक सहयोग गरेका छौ ।

Do up at = कस्नु The skirt does up at the back जामा पछाडि पट्टि कस्सिएको छ ।

Do oneself up = आफुलाई सिंगार्नु She takes much time to do herself up तिनी आफुलाई सिंगार्न थुप्रै समय लगाउछिन् ।

Do for something = केहीको लागी गर्नु He has already done a lot now for next year's examination आगामी वर्षको परिक्षाको लागि उसले अहिले नै धेरै गरिसक्यो ।

Do something up = सल्टाउनु Please help me do these difficulties up यी फोहरहरूलाई सल्टाउन मलाइ मध्दत गर न ।

Do with something = केही संग गर्नु I can do something with his support उस्को सहयोगले म केही गर्न सक्छु ।

विश्वकप क्रिकेटमा शक्तिशाली अमेरिकालाई हरायो नेपालले

विश्वकप छन्ोट क्रिकेटमा अमेरिकासँगको खेलमा नेपालले जित हासिल गरेको छ ।अमेरिका विरुद्धको खेलमा नेपाल ६ विकेटले विजयी भएको हो ।

जिम्बाव्वेमा जितका लागि पाएको २०८ रनको लक्ष्य नेपालले ४३ ओभरमा ४ विकेट गुमाउँदै पायो । भीम सार्कीले नट आउट ७७ रन बनाउँदा नेपालले जीत हासिल गरेको हो । उनले ११४ बल खेल्दा ७ चौका र १ छक्का हानेका थिए ।

जिम्बावेको हिरारेस्थित ताकसिङ्गा स्पोर्टस क्लबमा मंगलबार नेपालले अमेरिकाविरुद्ध टस जितेर पहिले बलिङ गरेको थियो । ब्याटिङ थालेको अमेरिकाले अन्तिम ओभर खेल्नुअघि सबै विकेट गुमाएर २०७ रन बनाएको थियो जसमा सयन जंहागीरले १०० रन बनाए । खेलमा करण केसी एक्लैले ४ विकेट लिएका थिए । त्यस्तै गुल्सन झाले ३ र दीपेन्द्र सिंह ऐरीले २ र ललित राजवंशीले एक विकेट लिए ।

त्यसैगरी, ओपनर कुशद भुर्तेल ५४ बलमा ४ चौका र एक छक्का हान्दै ३९ रन जोडेर बाहिरिएका थिए । आसिफ शेख १६ बलमा २ चौकासहित १२ रनमा आउट हुँदा, कप्तान रोहित पौडेलले १६ रन र कुशल मल्ले १३ रन बनाए । दीपेन्द्रसिंह ऐरी ३२ बलमा ५ चौका र एक छक्का हानेर ३९ रनमा अविजित रहे । सन्दीप लामिछानेले भने आज एक विकेट पनि लिएनन् । उनले १० ओभर बलिङ गर्दा ५८ रन बनाएका थिए ।

सुडोकु-अंक ३०७

	७		५					
					७	३		
	३	५		९		२		
	५			७				१
		४	६		९	७		
७				४			८	
		९		१		६	२	
१		२	७					
					५		१	

अंक ३०६ को नतिजा

३	८	५	१	६	२	७	४	९
१	९	४	५	८	७	३	६	२
६	२	७	४	९	३	८	५	१
५	६	१	९	३	४	२	७	८
७	३	२	६	५	८	१	९	४
९	४	८	२	७	१	६	३	५
४	७	३	८	२	९	५	१	६
८	१	६	७	४	५	९	२	३
२	५	९	३	१	६	४	८	७

Secret of the Self-supporting Economy of the DPRK

The Democratic People's Republic of Koreaadvocates building a self-supporting economy. How is it possible to build it?

Spirit of Self-reliance

The spirit of self-reliance is the first factor that promotes the building of a self-supporting economy.

This spirit is rooted in the Juche idea which was created by President Kim Il Sung (1912-1994) and developed by Chairman Kim Jong Il (1942-2011). The Juche idea is, in a word, the idea that man is the master of his own destiny and he also has the strength with which to shape his destiny.

With this idea as the guiding idea, the Korean people have advanced the revolution and construction.

Looking back, the Korean peoplesufferedindescribably severe damages in the Korean war (1950-1953) forced upon them by the US. In the case ofthe capital city of Pyongyang alone, everything was destroyed to the ground except for a few buildings. The US claimed that Korea would never be able to rise againeven in one hundred years.

However, the Korean people completely rehabilitated the country's economy in less than three years and realized socialist industrialization in a matter of 14 years. Later they continuously created world-startling miracleslikethe building of a 10 000-ton press, large-sized oxygen plants andthe West Sea Barrage. A factor for all this was the spirit of self-reliance.

Today, the Korean people are constantly promoting the country's economic development by relying on this spirit, not with the help ofothers or any external assistance.

PowerfulResourcesof SkilledPersonnel

The DPRK chose the road of self-reliance also in preparing its own powerful resources of skilled personnel.

Soon after the country was liberated (August 15, 1945) from the Japanese military occupation (1905-1945), there was no university or collegein the northern part of the country. The number of native scientists and technicians was ten or so. The cause of this was that the Japanese imperialists had enforced the colonial policy of keeping the Koreans in ignorance.

However, the DPRK has developed education rapidly and trained a great number of native technical personnel with its own efforts over the past seven decades. It introduced universal compulsory elementary education in 1956, universal compulsory secondary education in 1958, and universal 11-year compulsory education in 1975. As a result, by the 1980s, all the working people in the country possessed the general knowledge of a secondary school graduate and the country had over 1.3 million intellectuals and over 230 universities. How much effort the country directed to training its native technical personnel can be seen in the fact that the ratio between the population and intellectuals in the country was 12 to 1 in 1993, whereas it had been 700 000 to 1 immediately after liberation.

Recent years has witnessed continuous development of educationin the country.Having extended the period of compulsory education to twelve years by adding another year, it is dynamically pushing forward the work of putting the contents and methods of education on a modern footing. Under the slogan of making all the people well versed in science and technology, the country is striving to turn all the members of society into intelligent workers possessed with the knowledge level of a university graduate, and into developers of science and technology. As a result, the number of holders of academic degrees and masters of inventionis rapidly increasing.

What is noteworthy is the fact that all types of education is free and for the sake of the entire population. It is clear that these intellectuals trained under such educational system will reliably support the country's self-supporting economy.

Reliable Foundations of the Economy

Even thoughits people have strong spirit of self-reliance and it has a powerful force of skilled personnel,it would be a daydream for a country to realize self-sufficiency in the economy without powerful economic foundations.

In this context, the DPRK has always paid close attention to layingreliable and powerful economic foundations.

First, it has created an independent, modern heavy industry. Second, it has expanded a multi-faceted and comprehensive economic structure. Third, it has built its own firm raw materials bases. And fourth, it has equipped all sectors of the economy with modern technology.

All these have proved highly beneficialthroughout the history of the country's economic development. After the line of developing heavy industry on a preferential basis while promoting light industry and agriculture simultaneously was advanced, the value of total industrial output was increased by 3.5 times between 1957 and 1960 and the industrial output increased by an annual average of 15.9 per cent between 1970 and 1979. By the end of the late 1980s, production boomed on an unprecedented scale in all sectors of industry.

Entering the 1990s the country was faced with harsh difficulties in economic construction due to the collapse of the socialist market,the imperialists' vicious schemes against it and a succession of natural disasters. But it raised its position into a state of manufacturing and launching earth satellitesby relying on its ownself-supporting economic foundations. Moreover, the country remained unperturbedin the 2000s when many countrieswere floundering as giant banks and conglomerateswere going bankrupt due to the global financial crisis.

Chollima tractor, the first of its kind made bythe Korean working classin 1958

Electric locomotive *Pulgungi-1*produced in 1961



West Sea Barrage built in 1986across eight kilometres of wild sea inthe short period of five years

12 000-ton cargo vessel*Jangsusan*built in 2021

Modern, large-scale Ryonpho Greenhouse Farm built in 2022 in the northeastern part of the country

Pyongyang metro undergoing facelift, and a new underground train

Pyongyang metro undergoing facelift, and a new underground train

Part of the first-stage 10 000 flatsin the Hwasongzeainaugurated in2023,forming another new street in Pyongyang is no more than one year



Part of 10 000 flats in Songhwa Street built only in a year pursuant to the construction plan of 50 000 flats in Pyongyang(2022)

DPRK's earth observation satellite *Kwangmyongsong 4* soars into the space carried by *Kwangmyongsong* rocket in 2016

Mausoleum of King Tongmyongin Ryongsan-ri,Ryokpho District, Pyongyang

Some of the pictures of King Tongmyong in the memorial service hall

Stele dedicated to King Tongmyong, and a monument to his achievements standing in the lower part of the tomb section

Monument inscribed with handwriting of President Kim Il Sung (1912-1994), residing. "Monument to the Renovation of the Mausoleum of King Tosamyong"

JongrungTemple where the peopleof Koguryo used to pray for the soulof King Tongmyong

A few years ago the Workers' Party of Korea set forth a new five-year plan for national economic development atits EighthCongress. In pursuance of this plan, serious efforts are made to consolidate the economic foundations of key industries including metallurgical and chemical industries and build 50 000 flats in Pyongyang, houses in the countryside and large-scale greenhouse farms for improving the people's standard of living. And this will be inconceivable separated from the powerful foundations of its independent national economy which has been consolidated in the past several decades.

Mausoleum of King Tongmyong, Founder of Koguryo

The Mausoleum of King Tongmyong (298 BC-259 BC) is located in Ryongsan-ri, Ryokpho District, 22 kmsouth ofdowntown Pyongyang, the capital city of the Democratic People's Republic of Korea.

King Tongmyong was the founder of Koguryo(277 BC-AD 668), the first feudal state and the most powerful country in the Korean history. His name was Jumong and he ruled the country between 277 BC and 259 BC.

A stone-chambered earth tomb,the mausoleum faces the south.Around the tomb are astone altar, stone lamp-post, stone sculptures of tigers, sculptures of civil officials and military officers, memorial service hall, JongrungTempleand other facilities, all reminiscent of the period of Koguryo.

The mausoleum occupies a total area of 170 hillock hectares including a pine forest of about 40 hectares which dates back to hundreds of years.It was reconstructed in 1993.

Korean Orphans Grow Up Happily

In the Democratic People's Republic of Korea, all orphans grow up cheerfully free from the sorrow of being parentless at excellent baby homes, orphanages and primary and secondary schools for orphans which have been built in various parts of the country.

The state provides them with everything needed for their study and life, such as school uniforms, underwear, padded clothes and school things. It also covers the cost for their camping,excursions and visits. The teachers, kindergarteners, cooks and doctors at the institutes take parental care of their lives.

भारतीय...

इतिहासमा चिनिन्छ ।

सन् १९५० को सन्धि र सन् १९६५ जनवरी ३० मा भएको गोप्य पत्राचारले नेपालको आन्तरिक, सामरिक सुरक्षाको स्थिति, नेपाली सेना र त्यसको प्रतिरक्षात्मक अवस्था, नेपालको सैनिक रणनीति तथा नेपाली सेनाले प्रयोग गर्ने हातहतियार गोलीगठ्ठाको खरिद बिक्री, सैनिक प्रविधिको प्रयोग र सैनिक तालिमका सवालहरूमा भारतमाथि भर पर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । यी सवालहरू देशको गोपनीयता र सार्वभौमिकतासँगै सिधै जोडिएका छन् । सन् १९६५ को सन्धिको धारा २ अन्तर्गतका -क), (ख), (ग), (घ), (ङ) (च) (छ) र (ज) उपधाराले नेपाललाई सामरिक दृष्टिकोणले पराधीन बनाइदिएका छन् । सन् १९५० को सन्धिसँग भएको पत्राचारमा उल्लेख भएको छ- 'नेपालको सुरक्षाका लागि आवश्यक हातहतियार, गोलाबारुद्ध वा युद्ध सामग्री तथा आवश्यक वस्तुहरू नेपाल सरकारले भारतको सहयोग र स्वीकृतिमा भारतीय भूमिबाट आयात गरिनेछ । यसरी भारतले नेपाललाई सामरिक नियन्त्रणमा राखेको छ ।

नेपाललाई स्वतन्त्र र सार्वभौम सम्पन्न राष्ट्को रुपमा नभई भारतको प्रशासनिक इकाइको रुपमा हेर्ने भारतीय शासक वर्गहरूको दृष्टिकोण नेपाली राष्ट्रियताको निम्ति ज्यादै खतरनाक छ । मुलुकको सुरक्षा स्थिरता र र्म्यादामाथि धावा बोल्ने अभियान सुरु भएको छ । अढाई सय वर्षदेखि एउटै भूगोलमा परस्पर विश्वास र हार्दिकताका साथ बसिरहेका नेपाली नागरिकहरूलाई अलग्याउने र मुलुक विखण्डनको लागि आधार तय गर्ने हर्कत संविधान संशोधनका नाममा सतहमा देखिँदैछ । संघीयताको भड्खारोमा नेपाल जाकिएको छ र देशको स्वतन्त्रता प्रभु सत्ता र अखण्डताको रक्षाका विषय पेचिलो बन्दै गइरहेको छ । मुलुकको अखण्डता विरुद्धका गतिविधिहरूका प्रमाण र पात्रहरूलाई वाम गठबन्धन सरकारले 'रेड कार्पेट' बिछ्याएर स्वागत गर्दै सरकारमा सहभागी गराउँदैछ । संविधान लेखन र शान्ति प्रक्रियाका क्रममा भएका समझदारी र सहमति तत्कालीन प्रयोजनका लागि मात्र गरिनु त्यसको दीर्घकालीन नसोचिनुले अहिले परिस्थिति भयावह बन्न थालेको छ । २७ मुलुकको साझा राजनीति र आर्थिक युनियन र १९ मुलुकहरूको एउटै मुद्रा रहेको युरोप संयुक्त राज्य युरोप बन्ने तरखर गरिरहँदा नेपालको अखण्डतामा भने धाँजा पर्ने हो कि भन्ने भयले घर गर्न थालेको छ ।

खुला सिमानाका कारण नेपालको सामाजिक संरचना नै ध्वस्त हुने खतरा त्यत्तिकै बढ्दो छ । भारतीय नागरिकको खुला आगमन र भारतीय घुसपैठियाहरूको अवाञ्छित क्रियाकलापलाई रोक्ने पक्षमा यो सरकार छैन । भारतीय नागरिकहरूले जसरी सजिलै नेपाली नागरिकता हात पारेका छन् र भारतीयहरूको अनियन्त्रित घुसपैठ जसरी बढेको छ, त्यसले नेपालीहरू आफ्नै देशमा अल्पमतमा पर्ने र विस्थापित हुने सम्भावनालाई इन्कार गर्न सकिँदैन । भारतीय खुफिया एजेन्सी रअको संदिग्ध गतिविधि नेपाली राष्ट्रियताको निम्ति गम्भीर चिन्ताको विषय बनेको छ । नेपाल भारतीय चोर, डाँका, ठग, लुटेरा, मगन्तेहरू साधुसन्तहरूको क्रीडास्थलझैँ बनिरहेको छ । भारतीय प्रभुत्ववादको सामरिक, प्रशासनिक र सामाजिक नियन्त्रण गर्ने नीति नेपाली राष्ट्रियताको निम्ति अर्को चुनौती हो । इतिहासका घटनाहरूलाई बंग्याउने, ऐतिहासिक तथ्यहरू र जनश्रुतिहरूलाई नष्ट गर्ने तथा धर्मग्रन्थ काव्य, वेदहरूलाई समेत गलत व्याख्या गरेर नेपालको स्वतन्त्र अस्तित्व नै थिएन भनेर देखाउने कसरत समेत हुन थालेको छ । बुद्ध र सीतालाई भारतमा जन्मिएको प्रचार गरिनुले भारतको नियत प्रस्ट हुन्छ । नेपालमा धर्मको प्रचार गर्ने, तीर्थयात्रा, मठमन्दिर, देवालयहरू निर्माण गर्ने नाममा पुरातात्विक महत्वका मूर्तिहरू र सांस्कृतिक सम्पदाहरू चोरी गर्ने र नेपालीहरूको संस्कृतिलाई नष्ट गर्ने काममा समेत संदिग्ध चरित्रका कथित भारतीय साधुसन्त र बाबाहरू सक्रिय भइरहेका छन् । भारतीयहरू आफ्नै देशको कामकाजी भाषा अंग्रेजी प्रयोग गर्छन् तर नेपालमाथि भाषिक हमला गरिरहेका छन् । हिन्दी भाषालाई राष्ट्रभाषाको दर्जा दिलाउन भारत खोजिरहेको छ । प्रदेश नं. २ मा त कामकाजी भाषाका रुपमा हिन्दी भाषालाई लाद्न भारत सफल हुनै लागेको छ ।

कुनै पनि देशलाई समाप्त गर्नु छ भने सबभन्दा पहिला त्यो देशको संस्कृतिलाई नष्ट गर्नुपर्छ भन्ने साम्राज्यवादी मान्यतालाई भारतले अख्तियार गर्दै आएको छ । सदियौंदेखि सांस्कृतिक सम्बन्ध रहेको नाममा नेपालको सांस्कृतिक विविधता र सम्पदालाई नष्ट गर्न भारतले सांस्कृतिक अतिक्रमणलाई तीव्र पारेको छ । हिन्दी फिल्म, हिन्दी गीत, संगीत दर्जनौं टेलिभिजन च्यानल र पत्रपत्रिकाहरू नेपालको सहरबजार गाउँबस्ती र कुनाकाप्चामा पुऱ्याएका छन् । बालकदेखि ज्येष्ठ नागरिकसम्म भारतीय संस्कृतिका सिकार बन्न बाध्य छन् । कुनै पनि चाडपर्व, उत्सव, विवाह भोजमा मात्र होइन, होटल र रेष्टुराँ जाँदा होस् या सार्वजनिक सवारी साधनमा यात्रा गर्दा होस् हिन्दी गीत संगीत सिवाय सुन्न पाइँदैन । भारतीय सिने कलाकारलाई नेपाली बालबालिका समेतले चिन्छन् । उनीहरूका गीतहरू गुनगुनाउँछन् तर उनीहरू नेपाली सिने कलाकारहरूलाई चिन्दैनन् न त नेपाली गीत संगीत नै सुन्ने गर्छन् । युवा पिँढीलाई भारतीय छाडा र अश्लिल फिल्मले उच्छृङ्खल र उदासीन बनाइरहेको छ । भारतीय सांस्कृतिक आक्रमणले नेपालीहरूमा भारतीय दास मनोवृत्ति तयार गरिरहेको छ । अर्कोतिर दैनिक नेपालको करोडौं रुपैयाँ हिन्दी सिनेमा र गीत संगीतले लुटिरहेका छन् ।

नेपालको बजार र अर्थतन्त्र भारतीयहरूको नियन्त्रणमा रहेको छ । भारतीय वस्तुहरू बिना रोकटोक नेपालको बजारमा आउँछन् भने नेपाली उत्पादनहरूले भारतीय बजार नै पाउँदैनन् । सुपारी, अदुवा, अम्लिसो, अलैंची जस्ता वस्तुहरूलाई समेत भारतले सहज निर्यात हुन दिँदैन । आफैंले गलैंचा तयार गरेर नेपालको ट्रेडमार्कको दुरुपयोग गरी भारतले नेपालको गलैंचा उद्योग ध्वस्त बनाइसकेको छ । भूपरिवेष्ठित राष्ट्रको हैसियतले पाउने अन्तर्राष्ट्रिय पारवहन अधिकार समेत भारतले नेपाललाई दिन चाहँदैन । काँकरभिट्टा फुलबारी बगलाबन्द बाटो र विसरवापट्टन बन्दरगाह समेत सुरक्षा र अन्य बहानामा नेपाललाई प्रयोग गर्नबाट भारतले बारम्बार रोक्ने गरेको छ । खुला सीमा कारण दिनहुँ असंख्य भारतीय कामदार नेपाल भित्रिइरहेका छन् । नेपाली कामदारलाई उनीहरूले विस्थापित गरिरहेका छन् । तर भारतमा नेपाली कामदारले सहज तरिकाले काम पाउँदैनन् । उनीहरूले तीन पुस्ते लेखाउनुपर्छ र नागरिकता बुझाउनुपर्छ । नेपाली कामदारले श्रम गरेर ल्याएको पैसा सिमानाकामा एसएसबीले लुटेर हैरान पार्ने गरेको छ । नेपाली कामदारको पैसा सुरक्षित गर्न श्रम बैंकको विषयमा भारत उदासीन रहँदै आएको छ ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धिको धारा छैठौंले नेपालको औद्योगिक र आर्थिक विकास एवं त्यो विकाससम्बन्धी ठेक्का पट्टाहरू भारतीयहरूलाई खुला गरेको छ । त्यसरी नै सातौं धारामा नेपालमा भारतीयहरूलाई बस्न, सम्पत्तिको भोग गर्न, व्यापार र वाणिज्यमा भाग लिन, चलफिर गर्न नेपाली नागरिकसरह विशेष अधिकार र सुविधा दिने कबुल गरिएको छ । उक्त सन्धिको कारण आज नेपालका ठूला उद्योगहरूमा भारतीय पुँजीपतिहरूको हैकम कायम भएको छ । नेपालका राष्ट्रिय पुँजीपतिहरू भारतीय पुँजी, प्रविधि, जनशक्ति, बजार र व्यवस्थापन लगायतका क्षेत्रहरूमा प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा छन् । भारतसँगको बिप्पा सम्झौता भारतीय उद्योगी र व्यापारीकै हितार्थ गरिएको छ । उनीहरूले नेपालमा गरेको लगानी डुबे राज्यले तिर्नेछ तर नेपाली उद्योगी व्यापारीहरूलाई भने त्यो सुविधा दिइएको छैन । कपाल काट्नेदेखि काठको काम गर्नेसम्म, कुँडाकर्कस बटुल्नेदेखि लिएर फलफूल, तरकारी, खाद्यवस्तु, अन्डा, कुखुरा र खसीको मासु साना ठूला होटल, यातायातका साधन र तिनका पाटपुर्जा, श्रृंगारका सामानहरू, औषधि, लत्ताकपडा, खेलौनाहरूको समेत बजार भारतीयहरूको हातमा परिसकेको छ । निजी विद्यालय र क्याम्पसहरूमा पढाउने शिक्षक तथा प्राइभेट संस्था र कम्पनीहरूमा काम गर्ने प्राविधिक जनशक्तिदेखि लिएर अन्य क्षेत्रमा काम गर्ने भारतीय कामदारहरूले नेपालीहरूलाई विस्थापित गरिसकेका छन् । नुनदेखि सुनसम्म मट्टितेल डिजेल पेट्रोल ग्यासदेखि सियोसम्म, दालचामलदेखि जहाजसम्म, सुरक्षाका लागि चाहिने हातहतियार लगायत अन्य विविध वस्तुहरूका लागि नेपाल भारतीयहरूको एकलौटी बजार बनेको छ । भारतसँग नेपालले बर्सेनि करोडौं डलर व्यापारघाटा व्यहोर्दै आएको छ । भारतीय एकाधिकार पुँजीपति वर्गका आर्थिक प्रभुत्वका कारण नेपालको राष्ट्रिय अर्थतन्त्र गम्भीर संकटमा परेको छ ।

सन् १९५० र १९६५ को सन्धि र १२ बुँदे दिल्ली सम्झौतापछि नेपालको आन्तरिक राजनीति पनि दिल्लीको हातमा पुगेको छ । ६ अगस्त १९५० मा भारतीय लोकसभामा बोल्दै जवाहरलाल नेहरूले नेपालको आन्तरिक राजनीति पनि भारतको निजी चासोको विषय बनेको बताएका थिए । २००७ सालदेखि २०१७ सालको बीचमा भएको सत्ता संघर्ष र दशवर्षे कथित माओवादी जनयुद्धमा भारतीय शासकवर्गले ठूलो भूमिका खेलेको प्रस्ट छ । ०६३।०६४ मा मधेसमा हिंसा मच्चाएर भारतले नेपालमा संघीयता प्रवेश गराएरै छोड्यो ।

नेपालले संविधान बनाउँदा आफ्नो भूमिका नपाएको झोंकमा नेपालमाथि पाँच महिना लामो युद्धभन्दा कष्टकर नाकाबन्दी भारतले लगायो । तराईका आप्रबासी भारतीयहरूलाई निर्लज्ज उकासेर तराईमा आगो दन्कायो । एक मधेस एक प्रदेशको एजेन्डा मधेसी दलहरूमा छिराएर तराई टुक्र्याउने रणनीति भारतले बनाएको स्मरणीय छ । २०४६ सालको जनआन्दोलनपछि नेपालमा भारतको नांगो हस्तक्षेप झनै बढ्न थाल्यो । सरकार बनाउने र गिराउने निर्णायक शक्तिका रुपमा भारत रहँदै आएको छ । महाकाली सन्धिका विरोधी मदन भण्डारी र जीवराज आश्रित भारतीय षड्यन्त्रमै त्रिशुलीमा खसालिए । राजा वीरेन्द्रको वंश विनाश गराउन भारत सफल मात्र भएन माओवादी विध्वंशको बलमा संविधानसभा जन्माएर त्यसबाट राजतन्त्रकै अन्त्य समेत भारतले गरायो । भारतीय सैनिक हस्तक्षेप, सीमा अतिक्रमण र सिक्किमीकरण नेपालको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताका खतराको विषय बनेर आज उपस्थित भएको छ । जवाहरलाल नेहरूले नै नेपालको सुरक्षा र परराष्ट्र मामिला भारतले हेर्न पाउनुपर्ने जिकिर गरेका थिए । उत्तर हिमालयसम्म भारतले आफ्नो सीमा ठान्ने छ भन्ने नेहरू भनाइ अर्थात नेहरू डक्ट्रिनलाई मोदी सरकारले पनि पछ्याइरहेको छ । नेपाललाई फिजीकरण भुटानी गर्दै सिक्किमीकरण गर्ने भारतीय हैकमवादको मुरादलाई देशभक्त नेपालीहरूले अवश्य पूरा हुन दिने छैनन् ।

योगको...

नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि पर्दछन् । यिनलाई एकपछि अर्को गरेर साध्दै जाँदा जीवात्मा परमात्मासम्म पुग्छ भन्ने विश्वास पतञ्जलिको छ ।

-यम भनेको अठोट हो । यसका लागि व्यक्तिले अहिंसा, अस्तेय, सत्य, ब्रह्मचर्य र अपरिग्रह जस्ता आचरण पालन गर्नुपर्छ । -नियम दोस्रो खुड्किलो हो । यसभित्र शुद्धता, सन्तोष, तप, स्वाध्याय र ईश्वर प्रणिधानजस्ता पाँचवटा कुराको पालना गर्नुपर्छ । -आसन तेस्रो चरण हो । यम र नियम पालन गरिसकेपछि साधकले आसन साध्नुपर्छ । यसका लागि स्थिर र सुखासनमा बसेर ध्यान गर्नुपर्छ । यस चरणको ध्यानका लागि ओंकार सहायक हुन्छ । -प्राणायाम चौथो खुड्किलो हो । प्राणायामभित्र श्वासप्रश्वासलाई साधिन्छ । यसका अनेकौं आयाम छन् ।

-प्रत्याहार विधिमा इन्द्रियलाई इन्द्रियार्थ गराउनु पर्छ । भोगले इन्द्रिय नभोगून् बरु इन्द्रियले भोगलाई भोगून् भन्ने आशय यसमा पाइन्छ । प्रति आहार अर्थात् हाम्रो आहारको गति विपरीत हुन जाओस् भन्ने यसको आशय हुन्छ । -प्रत्याहारपछि योगी अन्तर्मुखी हुन थाल्छ । अनि सूक्ष्मबाट अति सूक्ष्मभित्रको शून्यमा ध्यान केन्द्रित गर्दै गर्न थाल्नुपर्छ । जसलाई धारणा भनिन्छ । -माथिका सबै प्रक्रिया पार गरिसकेपछि ध्यानमा पुगिन्छ । अन्तर्यामी ब्रह्ममा मन र चित्तलाई एकाग्रचित्त गराउनु नै ध्यान हो । यो क्रिया नभएर अक्रिया हो । यसअघिको प्रत्येक चरण क्रिया हुन् तर ध्यानमा पुगेपछि त्यही क्रिया अब अक्रिया हुन्छ । -समाधि गरेर हुने नभई माथिका सबै चरण पार गरेपछि घटित हुने कुरा हो । यो योगको लक्ष्य नै हो भने पनि हुन्छ । समाधि अवस्थामा आनन्दमय, ज्ञानमय, ज्योतिर्मय एवं शान्तिमय जुन स्वरूपमा पुगिन्छ त्यसपछि पूर्ण तृप्ति वा परमआनन्द प्राप्ति हुन्छ । यो अवस्थामा पुगिसकेपछि मानव जीवनमा केही पनि गर्न बाँकी रहँदैन । यस्तो अवस्थामा पुगेको योगी त्रिगुणातीत अर्थात् सत्व, रज र तम गुणबाट पर पुग्छ । उसका लागि केही पनि प्राप्त गर्न बाँकी रहँदैन ।

योगशास्त्र धार्मिक ग्रन्थ मानिन्छ तर कुनै सम्प्रदायसंग यसको सम्बन्ध छैन । यो शारीरिक योग मुद्राको शास्त्र पनि होइन । यो आत्मा र परमात्माको योगको विषय मात्र हो । तर यसमा बताइएको समाधि प्राप्तिको अधिकार आस्तिक तथा नास्तिक दुवैलाई छ ।

पातञ्जल योगसूत्रकै आधारमा वर्तमान समयका अनेक सन्त महापुरुष र आध्यात्मिक गुरुहरूले समयसापेक्ष हुने गरी ध्यानका विभिन्न विधिहरूको विकास गरेका छन् । स्वामी रामकृष्ण, स्वामी विवेकानन्द, महर्षि अरविन्द, रमण महर्षि, महर्षि महेश योगी, सत्य साई, ओशो रजनीश, पाइलटबाबा, र श्रीश्री रविशंकर, ब्रह्म बाबा आदिले ध्यानका विधिमाथि प्रयोग गरेका छन् । उनीहरूबाट विपश्यना ध्यान, कुण्डिलीनी ध्यान, राजयोग ध्यान, भावातीत ध्यान, सक्रिय ध्यान, ज्योतिर्ध्यान, सहजध्यान, सुदर्शन क्रिया आदि अनेकौं तरिका विकास भएका छन् ।

योग र आसनलाई सार्वजनिक गरी अन्तर्राष्ट्रियकरण गर्ने कार्यमा स्वामी रामदेव र आचार्य बालकृष्णको ठूलो योगदान छ । यसलाई योग दिवसको रूपमा अन्तर्राष्ट्रिय दिवसको रुरूमा मान्यता प्रदान गर्ने पहल भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका हुन् ।

योगासनलाई जीवनमा उतार्ने र सोहीअनुसार हठयोग सम्प्रदाय सुरु गर्ने सन्त शंकरावतार गुरु गोरखनाथ हुन् । उनको सम्प्रदायलाई योग सम्प्रदाय भनिन्छ । भगवान् शिवदेखि गुरु गोरखनाथसम्मको योगदानलाई ध्यानमा राखेर नेपालका योगप्रेमी पोखरेलले अन्तर्राष्ट्रिय योग दिवस पुस १६ गते मनाउने परम्परा सुरु गरे तर संयुक्त राष्ट्र संघबाट अनुमोदन गराउन सरकारको प्रयास भएन । आजको दिनलाई योग दिवसको रूपमा मान्यता प्रदान गर्ने प्रयास भारतले गरेको हो ।

योग र ध्यानको फाइदा

आज विश्वले योगको महत्व बुझ्न थालेको छ । योगलाई शारीरिक र मानसिक स्वास्थ्यका दृष्टिले महत्वपूर्ण मानिन्छ । आज यो योगाको नामले विश्वभर फैलिएको छ र थुप्रैले यसबाट लाभ लिइरहेका छन् । योग र ध्यानबाट निम्नलिखित फाइदा प्राप्त हुने कुरा आधुनिक चिकित्सापद्धतिले समेत स्वीकार गरेको छ-

-शारीरिक एवं मानसिक स्वास्थ्यलाभ, -कार्यक्षमता वृद्धि, -चिन्ताबाट छुटकारा, -रोग प्रतिरोधी क्षमतामा वृद्धि, -तन, मन र आत्मा बीचको लयात्मकता, -अनावश्यक विचारबाट मुक्ति, -सकारात्मक सोचको विकास, -ऊर्जाको केन्द्रीकरणबाट आन्तरिक शक्ति सञ्चार -आत्मज्ञान प्राप्ति ।

बहादुर शाह...

कार्य पनि उनले नै सुरु गरेका थिए । शक्तिबल्लभ, वाणिविलास जस्ता पण्डितहरूलाई प्रेरित गरी उनले नेपाली भाषामा ग्रन्थहरू समेत लेखाएका थिए । भानुभक्त आचार्यले रामायण नेपाली भाषामा अनुवाद गर्नुअघि नै वाणिविलासले नेपाली भाषामा ग्रन्थ लेखिसकेका थिए । आफ्नो नायबीकालमा बहादुर शाहले रामकृष्ण कुँवर लगायतका सबै भारदारहरूलाई सन्तुष्ट राखेकाले उनी सबैका भरोसाका केन्द्र थिए ।

त्यसबेलाका राजा रणबहादुर शाह खर्चालु स्वभावका थिए । राज्यकोष जथाभावी खर्च गरेर उडाउँथे । युद्धमा रसदपानी जुटाउन बहादुर शाहलाई धेरै गाह्रो थियो । बहादुर शाहले अनाहकमा राज्यकोष खर्चिने रणबहादुरको आदतमाथि प्रश्न उठाएपछि यी दुई बीचको सम्बन्ध चिसियो । लडाइँमा अथाह सम्पत्ति बहादुर शाहले खर्च गरेको भनेर राजेन्द्र लक्ष्मी पनि बहादुर शाहसँग ठुस्किन थालिन् । बहादुर शाहसँग हिसाब किताब माग्न थालियो । बहादुर शाहले लडाइँको सबै हिसाब तत्काल बुझाउन सक्ने कुरा थिएन । उनलाई रणबहादुर शाहले नजरबन्दमा राखे । बहादुर शाहले विशाल नेपालको नीति चीनप्रति नरम अख्तियार गरेका थिए । उनी अंग्रेजहरूका कट्टर विरोधी थिए । इस्ट इन्डिया कम्पनी नेपाल तथा तिब्बतसँग व्यापार बढाउन चाहन्थ्यो । हेटौंडाको बाटो हुँदै भोटमा अंग्रेजी सामानहरू प्रवेश गराउने चाह इस्ट इन्डिया कम्पनीको थियो । चीनसँग नेपालको राम्रो सम्बन्धले अंग्रेजहरू बेखुस थिए । रणबहादुर शाह र राजेन्द्र लक्ष्मीलाई बहादुर शाहविरुद्ध उचाल्न अंग्रेजहरूले भारदारहरूको भरपुर प्रयोग गरे । बहादुर शाहलाई विष्णुमती किनारको कैदखानामा जाकियो । कैदी अवस्थामै उनको दुःखद निधन भयो । १८५४ असार १४ गते ४० वर्षकै उमेरमा बहादुर शाह परलोक भए । कतिपय इतिहासकारहरूले उनको हत्या गरिएको लेखेका छन् । पागल राजा रणबहादुर शाहले गोप्य रुपमा उनको हत्या गराएको अनुमान गर्न सकिन्छ । बहादुर शाहलाई नुवाकोट पुऱ्याएर अत्यन्त दुःख दिएर हत्या गरिएको पनि भनिन्छ ।

पृथ्वीनारायण शाहको स्वर्गारोहण हुँदा बहादुर शाह १८ वर्षका थिए । दाजु सिंहप्रताप शाहसँग खटपट परेपछि यिनी वनारस निर्वासनमा बसेका थिए । यहीइ बेला उनले अंग्रेजहरूको रणनीतिबारे बुझेका थिए । राजेन्द्र लक्ष्मीको मृत्युपछि उनले नायबी सम्हालेका थिए । उनले २८ वर्षदेखि ३७ वर्षको उमेरमा ९ वर्ष नायबी चलाएका थिए ।

बहादुर शाहले चीनबाट हुने सम्भावित आक्रमणबाट बच्न तत्कालीन गभर्नर लर्ड कार्नवालिससँग सहायता मागे पनि पाएनन् । नेपाललाई सहयोग गर्दा भोटको व्यापार सुक्ने अंग्रेजको बुझाइ थियो । नेपाल र कम्पनी राज्यहरूबाट आयात निर्यात हुने वस्तुहरूमा दुई प्रतिशत भन्सार लिने कुरामा सहमति गरेर उनले चीनसँग सन्धि गरेका थिए । चीनलाई मध्यस्थ बनाउन बहादुर शाहले खोजे पनि त्यो आशयको पत्र भोटको बाटो भएर चीनमा पुग्न पाएन । दलाई लामाले सिक्किमलाई उचालेर नेपालको पूर्वतर्फ आक्रमण गर्न लगाए । बहादुर शाहले देवदत्त थापाको नेतृत्वमा पठाएको फौजले सिद्धपोखरीमा ठूलो लडाइँ गरी सिक्किम हरायो । सिक्किममाथि नेपालको आधिपत्य कायम भयो । सिक्किम आफ्नो हार भएपछि दलाई लामाले चीनसँग सहायता मागे । चीनबाट ७ हजार सेना भोटको सहायतामा आयो । संवत १८४९ असारमा घमासान युद्ध भयो । केरुङ चीनले कब्जा गऱ्यो । नेपाली फौज धुन्चेमा पुग्यो । दामोदर पाण्डे र बम शाहले युद्धको नेतृत्व गरे । चिनियाँ फौज १५ सय मरे अरु भागे । चीनसँग सन्धि भयो । काठमाडौं बहादुर शाहले बचाए ।

विशाल...

यस्तै असार ४ गते सोही टोलीले संसदमा प्रतिनिधित्व गरेका नेपाली जनमत पार्टी, राष्ट्रिय जनमोर्चा र नागरिक उन्मुक्ति पार्टीको मुख्यालय गई विशाल नेपालको नक्सा हस्तान्तरण गऱ्यो । जनमत पार्टीका हरेन्द्र चौधरी, राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल तथा नागरिक उन्मुक्ति पार्टीका दीप तामाङले राष्ट्रिय स्वतन्त्रता र भौगोलिक अखण्डताबारे नेपाली जनतालाई सुसुचित गराउने कार्यमा विशाल नेपाल महाअभियान जुटिरहेकोमा त्यसको प्रशंसा गर्दै विशाल नेपालको नक्सा आआफना मुख्यालय र राष्ट्रपतिदेखि वडाध्यक्षसम्मका कार्यालयको भित्तामा झुण्डाउने र महाअभियानले गरेको अपिलबारे आआफ्ना दलहरू आवश्यक छलफल गरी यथोचित निर्णय लिने जानकारी गरायो ।

उक्त अवसरमा महाअभियानले उक्त दलहरूलाई उनीहरूको आआफनो मुख्यालयमा विशाल नेपालको नक्सा झुण्डाउन गरेको अनुरोध पत्र संयोजक ढकालले वाचन गरी सुनाउनुभएको थियो । पत्र सुनिसकेपछि त्यसमाथि प्रतिकृया जनाउदै राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपक रंजित, राष्ट्रिय स्वतन्त्र पार्टीका शुभराज शिल्पकार, नेपाली काग्रेसका कृष्णप्रसाद पौडेल, नेकपा एमालेका कृष्णगोपाल श्रेष्ठ, नेकपा माओवादी केन्द्रकी पम्फा भुसाल, जनता समाजवादी पार्टीका अर्जुन थापा, नेकपा एकिकृत समाजवादीका जगन्नाथ खतिवडा र नेपाल मजदुर किसान पार्टीका मीनबहादुर बाटाले राष्ट्रिय स्वतन्त्रता र भौगोलिक अखण्डताबारे नेपाली जनतालाई सुसुचित गराउने कार्यमा विशाल नेपाल महाअभियान जुटिरहेकोमा त्यसको प्रशंसा गर्दै विशाल नेपालको नक्सा आआफना मुख्यालय र राष्ट्रपतिदेखि वडाध्यक्षसम्मका कार्यालयको भित्तामा झुण्डाउने र महाअभियानले गरेको अपिलबारे आआफ्ना दलहरूको केन्द्रीय समितिहरूमा छलफल गरी यथोचित निर्णय लिने जानकारी गरायो ।

यसअघि बिहान नौ बजेदेखि बसेको महाअभियानको चौथौं पूर्ण बैठकले विगतका आफ्ना कार्यहरूको समिक्षा गर्दै महाअभियानको नयाँ सदस्यको रुपमा १) रमा न्यौपाने, उदयपुर २) परीक्षा कोइराला, काठमाडौं ३) भीमबहादुर थापा, बझाङ ४) खिमानन्द भट्ट, दार्चुला ५) गोविन्द इंगनाम, तेह्रथुम ६) डा. खेम कोइराला बन्धु, काठमाडौं, ७) मुना श्रेष्ठ, खोटाङ ८) नेत्रबहादुर भण्डारी, हुम्ला ९) नवराज कार्की, सिन्धुपाल्चोक १०) किरण जोशी काठमाडौं ११) सुनिल खराल, काठमाडौं १२) मदनध्वजु श्रेष्ठ, काठमाडौं र १३) दुर्गा राना, भक्तपुरलाई महाअभियानमा प्रवेश गराइएको थियो ।

सार्वजनिक...

जाने भन्दै संसदमा विषय उठिरहेका वेला यस्तो तथ्यांक सार्वजनिक भएको हो । सरकारले आगामी आर्थिक वर्षको घाटा बजेट पूर्ति गर्नका लागि थप रु. चार खर्ब ५२ अर्ब ७५ करोडबराबर ऋण उठाउने लक्ष्य राखेको छ । जसमध्ये रु. दुई खर्ब ४० अर्ब आन्तरिक र रु. दुई खर्ब १२ अर्ब ७५ करोड बाह्य उठाउने सरकारको लक्ष्य छ । चालू आर्थिक वर्ष ०७९-८० सुरु हुँदा अर्थात् गत वर्ष असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण रु. २० खर्ब १३ अर्ब २९ करोड ६४ लाखबराबर थियो । चालू आर्थिक वर्षको पछिल्लो ११ महिना अवधिमा मात्र रु. एक खर्ब ५९ अर्ब ९५ करोड आठ लाखबराबर ऋण थपिएको छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को आकार रु. ४८ खर्ब ५१ अर्ब ६२ करोडलाई आधार मान्दा जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४४.७९ प्रतिशत पुगेको छ ।

जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पुँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्न सक्ने भन्दै यो विषय अहिले संसदमा समेत उठिरहेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आर्थिक वर्षको ११ महिनामा सरकारले रु. तीन खर्ब ६ करोड ऋण उठाएको छ भने रु. दुई खर्ब पाँच अर्ब १७ करोडबराबर साँवा-ब्याज भुक्तानी गरेको छ । जेठ मसान्तसम्ममा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा गरेको खर्च करिब रु. ५२ अर्ब आठ करोड ६० लाखले बढी हो । जेठ मसान्तसम्ममा सरकारको पुँजीगत खर्च रु. एक खर्ब ५३ अर्ब आठ करोड ४२ लाख छ । यसरी एकातर्फ सरकारको राजस्व असुली न्यून हुँदा ऋण उठाएर घाटा बजेट पूर्ति भइरहेको छ भने अर्कोतर्फ बर्सेनि थपिँदै गएको ऋणको साँवा-ब्याजसमेत बढ्दै जाँदा वार्षिक बजेटको ठूलो अंश यसमा खर्च हुने गरेको छ ।

यो अवधिमा आन्तरिक ऋणको साँवा, ब्याज र कमिसन भुक्तानीमा रु. एक खर्ब ६४ अर्ब ४८ करोड ७८ लाखबराबर खर्च भएको छ । जेठ महिनासम्म आन्तरिक ऋणको साँवा भुक्तानीमा रु. एक खर्ब आठ अर्ब ११ करोड ३८ लाख, ब्याज भुक्तानीमा रु. ५६ अर्ब २६ करोड १० लाख र कमिसन भुक्तानीमा रु. ११ करोड ३० लाखबराबर खर्च भएको छ ।

भारतले...

नेपालमा उत्पादित बिजुली बिक्रीका लागि अनुमति दिन भने निकै कन्जुस्याइँ गरेको छ । नेपालले भारतीय बजारमा बिक्री अनुमतिका लागि पठाएका १८ आयोजनालाई भारतले करिब २ वर्षदेखि अल्झाइरहेको छ । ०७८ भदौमा पठाएका आयोजनालाई समेत उसले अनुमति दिएको छैन । प्रधानमन्त्री पुष्पकमल दाहालले जेठमा गरेको भारत भ्रमण ऊर्जामय भएको र अब नेपालबाट उत्पादित बिजुली भारतले सजिलै अनुमति पाउने भनेर चर्चा गरिएको थियो । तर नेपालले भारत निर्यातका लागि पठाएका १८ आयोजना बिक्रीको अनुमति भारतले दिइसकेको छैन । ४५२ मेगावाटबाहेक थप विद्युत् निर्यात अनुमति नपाए वर्षामा उत्पादन हुने १ हजार मेगावाट हाराहारी बिजुली खेर जाने सम्भावना बढेकामा लगानीकर्ताहरूको चिन्ता छ ।

राष्ट्रिय प्रसारण लाइनमा विद्युत् उत्पादनको जडित क्षमता २७ सय मेगावाट पुगेको प्राधिकरणको तथ्यांक छ । वर्षा सुरु भएसँगै उत्पादन २ हजार मेगावाटको हाराहारीमा पुगेको छ । उच्च मागका बेला मात्र उक्त परिमाण बराबरको बिजुली देशमा खपत हुने र अन्य बेला भारतमा बिक्री गरिने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बताउँछन् । एक महिनाभित्र भारतले थप विद्युत् निर्यात अनुमति नदिए समस्या पर्ने उनको भनाइ छ । भारतसँग थप विद्युत् निर्यातको अनुमतिका लागि कुराकानी भइरहेको र चाँडै थप आयोजना स्वीकृत हुने घिसिङले जनाए । 'डे अहेड' बजारमा हुने खरिदबिक्रीमा उत्पादन बढ्दै गएको र देशमा बिक्री नभएको अवस्थामा अहिले ३५० मेगावाट हाराहारीमा विद्युत् बिक्री भइरहेको प्राधिकरणका प्रवक्ता सुरेशबहादुर भट्टराईको भनाइ छ ।

हेटौंडा...

बताए । उनले प्रथम र दोस्रो चरणमा गरी एक हजार आठ सय मेट्रिक टन कोइला आइसकेकाले बुधबारबाटै उत्पादन सुरु गरिएको जानकारी दिए । उनका अनुसार बाँकी एक हजार दुई सय मेट्रिक टन कोइला यही असार मसान्तभित्र आपूर्ति हुनेछ ।

महाप्रबन्धक पाण्डेले सिमेन्ट उद्योगलाई १६ हजार मेट्रिक टन गुणस्तरीय कोइला आवश्यक पर्ने भए पनि आर्थिक अभावका कारण एकै पटक कोइला खरिद प्रक्रिया अगाडि बढाउन कठिनाइ उत्पन्न भएको उल्लेख गरे । हेटौंडा सिमेन्ट उद्योगमा चार दशक पुराना उपकरण रहेकाले बेलाबेला उक्त उपकरण बिग्रिएर मर्मत गर्नुपर्ने भएकाले उत्पादन बन्द गर्नुपरेको उद्योगका नायक महाप्रबन्धक नवीन कुमार कर्णले जानकारी दिए ।

आर्थिक अभाव झेल्दै आएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडले चालु आर्थिक वर्ष २०७९/८० मा पनि ११ करोड १५ लाख घाटा व्यहोरेको छ । आव २०७४/७५ पछि उद्योगले निरन्तर घाटा व्यहोर्दै आएको हो । संस्थाका अनुसार उद्योग हालसम्म ९० करोडको घाटामा चलिरहेको छ । आव २०७४/७५ मा उद्योगले एक लाख नौ हजार सात सय ९६ मेट्रिक टन सिमेन्ट उत्पादन गरेको थियो । यसमा एक लाख छ हजार तीन सय ३२ मेट्रिक टन सिमेन्ट बिक्री गर्न सफल भएको थियो भने एक अर्ब ६८ करोड ३८ लाख ६४ हजार नौ सय १७ आम्दानी गरेका थियो भने एक अर्ब ५२ करोड २६ लाख एक हजार चार सय १८ खर्च भई १६ करोड ३६ लाख तीन हजार चार सय ९९ नाफा कमाएको थियो । यसपछि उद्योग निरन्तर घाटामा गएको तथ्याङ्क छ ।

समाजवादी...

होस् वा बाहिर रहँदा बेला-बेलामा बाबुरामले प्रचण्डलाई संकटबाट पार लगाउँदै आएका छन् । जब प्रचण्ड २०६१ सालमा तत्कालीन राजा ज्ञानेन्द्रलाई भेटेर नयाँ समीकरणमा जान चाहन्थे तर बाबुराम भने यो गलत छ भन्नेमा थिए । त्यसको फलस्वरूप बाबुरामलाई कारबाही गर्दै प्रचण्डले जनमुक्ति सेनाको हिरासतमा राखे । जसै बाबुराम हिरासतमा रहेको खबर ज्ञानेन्द्रले पाए घटना के घट्यो हामी सबैलाई थाहा छ ।

आफ्नो योजना सफल नभएपछि बाबुरामको कारबाही फुकुवा गर्नुको विकल्प प्रचण्डसँग रहेन । कारबाही फुकुवा भएपछि नै राजनीतिक दलसँगको संवाद अगाडि बढ्यो र १२ बुँदे सहमति भयो । बाबुरामको कारबाही फुकुवा भएपछि लोकतन्त्रका लागि दल र विभिन्न शक्ति केन्द्रसँगको संवादमा रहेका बाबुरामबारे नेपाल साप्ताहिकले कभर स्टोरी लेखेको थियो, 'लालकिल्लामा लालध्वज' । त्यतिबेलाको संकट तार्न पनि बाबुराम नै अगाडि सर्नुपऱ्यो । १२ बुँदेको जगमा नै देशमा गणतन्त्रको मार्ग कोरियो ।

यस्ता कयौं उदाहरण छन् । पछिल्लो विषय आम निर्वाचनकै भयो । चितवनबाट प्रतिनिधिसभा निर्वाचनमा भिड्न डराएर भौतारिएका प्रचण्डलाई उनै बाबुरामले गोरखाबाट आफूले चुनाव लड्दै आएको क्षेत्र छोडिदिए । यहाँ पनि प्रचण्डको उद्दार गर्न बाबुराम नै अगाडि उभिए । गोरखामा चुनाव लड्न जाँदै गर्दा प्रचण्डले बाबुरामलाई भने, 'पार्टीमा फर्किनुस् । पार्टीको काम तपाई हेर्नुस्, सरकारको म हेर्छु ।' जब चुनाव जिते उनले त्यो पनि बिर्सिए । बाबुरामले राजनीतिक जीवनमा प्रचण्डबाट धोका र जालझेलबाहेक ब्यहोर्नु परेको छैन । यो भूमिगत समयदेखि फरक पार्टीमा रहँदासम्मको उदाहरण हो । भूमिगत अवस्थामा नेकपा माओवादीका नेताको नाम लिँदा आम मानिस डा. बाबुराम भट्टराई भन्थे । सामान्य मानिसको के कुरा सुरक्षा निकाय र स्थापित व्यक्ति प्रचण्ड भन्ने व्यक्ति छैनन् भन्थे । नेपाली सेनाको डीएमआई विभागको प्रमुख भएर निवृत्त भएका एक सैनिक अधिकृतले एक भेटमा सुनाउँथे, 'प्रचण्ड छन् या छैनन् बेला-बेला हामी नै 'कन्फ्युज' हुन्थ्यौं । माओवादीका प्रमुख नेता बाबुराम नै हुन् भन्ने थियो ।'

अर्थात् पार्टी भित्रका नेता कार्यकर्ता मिलाउन प्रचण्डको भूमिका भए पनि आम मानिसमा माओवादी जनयुद्धलाई स्थापित गर्ने काम बाबुरामकै नामले गरेको थियो ।

अहिले प्रचण्डले आफू निकट नेता र दलसँग मिलेर समाजवादी मोर्चा बनाएका छन् । समाजवादी मोर्चाबारे बेला-बेला भेटेर छलफल र सल्लाह गरेका उनै बाबुरामलाई भने प्रचण्डले पाखा लगाएका छन् । यसबारे बाबुरामले आफैं त केही भनेका छैनन्, तर मोर्चाको विषयलाई नजिकबाट अध्ययन गरिरहेकाहरू भने यसमा प्रचण्डको स्वार्थ देख्छन् । यसले के देखाउँछ भने हिजो पनि प्रचण्ड बाबुरामबाट खतरा महसुस गर्थे र आज पनि ।

प्रचण्डका लागि आफ्नो निर्वाचन क्षेत्र छोडिदिएका बाबुरामबाट तर्सिनुपर्ने अवस्था नभए पनि प्रचण्डलाई कता-कता डर छ । समकालीन नेतामध्ये प्रचण्डमा सबैभन्दा धेरै शक्तिको भोक छ । त्यसैले त कहिले नेकपा एमालेसँग पार्टी एकता गर्न पुग्छन् त कहिले समाजवादी मोर्चाको कुरा गर्छन् । एमालेसँगको एकतामा टिक्न नसकेका उनले अहिले समाजवादी मोर्चा बनाएका छन् । मोर्चाका ५४ सांसद देखाएर सत्तासाझेदार नेपाली कांग्रेसलाई तर्साउने उनको रणनीति प्रष्ट देखिन्छ । त्यसले नेकपा एमालेसँगको 'बार्गेनिङ पावर' पनि पढ्छ भन्ने उनको बुझाइ हुनसक्छ । प्रचण्ड आफ्नो शक्ति गुम्छ कि भन्ने विषयमा सधैं डराउँछन् । शक्तिमा रहिरहन जे गर्न पनि पछि पर्दैनन् भन्ने पछिल्लो उदाहरण आजीवन विरोध गर्दै आएको दौरा सुरुवाल र गेरुवाको बर्कोले देखाउँछ ।

सामाजवादी मोर्चामा नेकपा माओवादी केन्द्रसहित माधव नेपालको पार्टी एकीकृत समाजवादी, उपेन्द्र यादवको जसपा र विप्लव नेतत्वको नेकपा छन् । बाबुराम नेतृत्वको नेसपालाई सहभागी गराउन प्रचण्डले चाहेनन् । निकट नेताका अनुसार बाबुरामसँगको भेटमा समाजवादी मोर्चामा आउन प्रचण्डले आग्रह गर्ने तर पछि कुनै खबर नगर्ने प्रवृत्ति देखाए ।